का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १५५
❐ २५ साउन २०७७, आइतबार
❐ 9 August 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २२५९२ जना | १६३१३ जना | ४३५२८९ जना | ६२०६ जना | ७३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ९६ लाख ४ हजार | १ करोड २५ लाख ८७ हजार | ७ लाख २५ हजार | ६२ लाख ९२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# स्थानीय स्तरमा सिल प्रशासनको कडाइ

■राजधानीमै हजार नाघ्यो संक्रमित ■४९९ डिस्चार्ज, ३७८ थप संक्रमित, तीन जनाको मृत्यु

**लगातार संक्रमित संख्या बढिरहेपछि देशब्यापी लकडाउन खुलेपनि स्थानीय, जिल्ला र प्रदेश स्तरमा सिल भएको क्षेत्र बढिरहेको छ । राजधानी उपत्यकाका केही स्थान सहित दक्षिण भूभागमा सिल गरिएका संख्या स्थानीय तह धेरै छन् ।**

**उत्तम कार्की/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

काठमाडौँ महानगरपालिका-५ स्थित कोटाल टोल क्षेत्रलाई सिल गरिएको छ। कोरोना संक्रमण बढेपछि त्यस क्षेत्रलाई सिल गरिएको हो । वडाध्यक्ष रमेश डंगोलका अनुसार, प्रहरी सहित स्थानीयवासीमा कोरोना संक्रमण देखिएपछि टोल नै सिल गरिएको हो ।

प्रहरी टोली नै तैनाथ गरी अहिले यो क्षेत्रमा आवागमनसमेत बन्द गरिएको छ । केही दिनअघिको परीक्षणमा प्रहरीसहित उनको परिवारका पाँच जनामा कोभिड-१९ को संक्रमण देखिएको थियो। त्यसपछि परीक्षण गर्दा घरभेटीलाई कोरोना पोजेटिभ देखियो । समुदायका २५ जनाको परीक्षणमा अन्य थप छ जनालाई समेत कोभिड-१९ पुष्टि भएपछि टोललाई सिल गर्नु परेको उनले बताए ।

शनिबार मात्रै राजधानी उपत्यकामा ६२ जनामा संक्रमण देखिएको छ । ललितपुर भक्तपुरमा तीन-तीन जना र काठमाडौंमा ५६ जनामा संक्रमण पुष्टि भएको थियो। यो सहित राजधानी उपत्यकामा संक्रमित संख्या एक हजार ४४ पुगेको छ । काठमाडौं-५ मा जस्तै देशका थुप्रै स्थानीय तहमा सिल गरिएको छ । गएको साउन ५ गते लकडाउनको अन्त्य गरेपछि संक्रमित संख्या बढेर गएको छ । तर, सरकारले फेरि लकडाउनबारे कुनै निर्णय लिएको छैन ।



*कपिलवस्तुको खरेन्द्रपुरमा गोरु गाडा (डल्लफ) मा सामग्री ढुवानी गरिँदै ।*
*-तस्वीरः सनिउल्ला धोबी*

संक्रमण नरोकिए पछि प्रदेश-२ का धेरैजसो स्थान सिल गरिएका छन् । वीरगञ्ज महानगरपालिका, विराटनगर महानगरपालिका, जनकपुर उपमहानगरपालिका लगायत ठूला शहर सिल गरिएको छ । राजधानी उपत्यकाका तीन प्रशासनले सटडाउन गर्ने निर्णय गरेको छ भने बिहीबार देखि गृह प्रशासनले राजधानी उपत्यका सहित ३२ जिल्लामा निजी सवारी साधनमा जोर बिजोर प्रणाली लागू गरेको छ ।

बितेको २४ घण्टामा ३७८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित्र पत्रकार सम्मेलन गरी २४ घण्टामा कोभिड-१९ बाट तीन जनाको मृत्यु भएको जानकारी दिएको छ। यो सहित संक्रमणबाट मृत्यु हुनेको संख्या ७३ जना पुगेको छ ।

उपचारत संख्या ६२०६ छन्। त्यस मध्ये प्रदेश नं १ मा ४७८, प्रदेश नं २ मा दुई हजार ९२९, वाग्मती प्रदेशमा एक हजार २९, गण्डकी प्रदेशमा २४२, प्रदेश नं ५ मा ३९०, कर्णाली प्रदेशमा १६३ र सुदूरपश्चिम प्रदेशमा ९७५ छन् ।

पछिल्लो २४ घण्टामा सात हजार ७८८ जनाको पिसीआर परीक्षण गरिएको थियो । त्यस सहित चार लाख ३५ हजार २८९ परीक्षण भएको छ। क्वारेन्टिनमा १० हजार ७९२ जना छन्। २४ घण्टामा ४९९ जना घर फर्किएका छन्। हालसम्म डिस्चार्ज हुने १६ हजार ३१३ पुगेको छ। शनिबार पिसीआर सात हजार बाँकी पृष्ठ २ मा




# उही शैली, पुरानै अनुहार

**कोभिड महामारीकै बीच प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसलाई महाधिवेशनको चटारो लागेको छ । आगामी महाधिवेशनबाट नेतृत्व लिनेगरी गतिविधि केन्द्रीत गरेका छन् ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

कोभिड महामारीका कारण सिर्जित समस्यामा मुलुक फसेको छ। एकै पटक रोग र भोक विरुद्ध जनता जीवनमरणको संघर्षमा छन् । तर, यही महामारीकै बीच प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसलाई भने महाधिवेशनको चटारो लागेको छ ।

काँग्रेसले क्रियाशील सदस्यता बितरण कार्य शुरु गरिसकेको छ । क्रियाशील सदस्यता ५० प्रतिशत बढाउनेगरी फारम वडा तहमा पठाउने कार्य शुरु भएको छ ।



क्रियाशील सदस्यता वितरण कार्य शुरु भइरहँदा पार्टीभित्रको असन्तुष्टि पनि बढेर गएको छ । विशेषगरी सभापति शेरबहादुर देउवालाई फेरि पनि पार्टीमा कब्जा जमाउनेगरी पार्टी गतिविधि बढेको भन्दै बरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्री शशांक कोइरालहरुले असन्तुष्टि जनाएका छन् ।

बिजय गच्छेदारले काँग्रेसमा पार्टी समाहित गरेपछि सभापति देउवा झनै शक्तिशाली भएको बुझाइका कारण असन्तुष्ट पक्षले पार्टी विधान बिपरीत निर्णय भएको आरोप लगाउँदै बाँकी पृष्ठ २ मा

## कोरोना महामारीकाबीच पनि
# वैदेशिक रोजगारका नाममा लाखौं ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

कोरोना भाइरस (कोभिड-१९) का कारण वैधानिकरुपमा पठाउने प्रक्रिया रोकिएपनि वैदेशिक रोजगारीका नाममा विगतदेखि हुँदै आएको ठगी धन्दामा कमी आउन सकेको छैन । नेपाल प्रहरीले साउन महिनाको तीन हप्ताको अवधिमा सार्वजनिक गरेको तथ्यांकअनुसार वैदेशिक रोजगार ठगीका आधा दर्जन घटनामा विभिन्न व्यक्तिहरु पक्राउ परेका छन् । ठगीका घटनामा युरोप अमेरिकाजस्ता विकसित देशमा आकर्षक तलवसहितको रोजगारी दिलाइदिने प्रलोभन दिई लाखौं रकम असुलिएको छ ।

वैदेशिक रोजगारीमा पोल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले साउन १९ गते चितवन गर्दी गाविस ९ बस्ने ४० वर्षीया कमला कुमारी थापालाई पक्राउ गर्‍यो । उनले पोल्याण्डमा आकर्षक तलवमा काम लगाइदिने र त्यहाँबाट यूरोपका अन्य देश जान सकिने भन्दै विभिन्न प्रलोभनमा पारी १७ लाख रुपैयाँ ठगी गरेको प्रहरीको दाबी छ । ठूलो रकम लिएर थापा फरार रहेको भन्ने उजुरी परेपछि महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले चितवन प्रहरीको समन्वयमा उनलाई पक्राउ गरी काठमाडौं ल्याएको हो ।

त्यस्तै कुवेत, साउदी अरब र ईराकमा राम्रो रोजगारी दिलाइदिने भन्दै भारतमा लगेर ६ महिलालाई बन्धक बनाएको अभियोगमा प्रहरीले काठमाडौंबाट साउन १६ गते २ जनालाई पक्राउ गर्‍यो । धरान उपमहानगरपालिका ११ बस्ने खोटाङ राबाबेसीका पुष्प परियार र काठमाडौं लाजिम्पाट बस्ने दाङ घोराहीका प्रविन शाहले झापा, मोरङ र पर्वतका ६ जना महिलालाई खाडीमा रोजगारी दिलाइदिने भन्दै उनीहरुलाई भारतको नयाँ दिल्ली लगेर शारीरिक तथा मानसिक यातना दिएको प्रहरीको भनाइ छ । नेपाल प्रहरीको मानव बेचविखन अनुसन्धान ब्यूरो र शान्ति पुनर्स्थापना केन्द्र नयाँ दिल्लीको सहयोगमा ती महिलाहरुको उद्धार गरी काठमाडौं ल्याइएको थियो ।

त्यस्तै रोजगारीका लागि चेक रिपब्लिक पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा प्रहरीले धादिङ निलकण्ठ नगरपालिकाका रमेश कमरलाई पनि पक्राउ गरेको छ। उक्त देश पठाइदिने प्रलोभनमा पारी उनले ११ लाख १३ हजार रुपैयाँ रकम उठाएको उजुरी परेको थियो । उनी काठमाडौंको बसुन्धाराबाट पक्राउ परेका हुन् । रमेशले विभिन्न देश पठाइदिन्छु भनेर अन्य १५ जना व्यक्तिहरूबाट समेत १८ लाख रुपैयाँ ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ ।

त्यस्तै अमेरिका लैजाने प्रलोभनमा पारी ठगी गरेको अभियोगमा भक्तपुर रोजभिलेज कोलोनी बस्ने बाग्लुङ काठे गाउँपालिकाका कोपिला शर्मा र अमिसा केसी पनि पक्राउ परेका छन् । उनीहरुले विभिन्न व्यक्तिहरुलाई फेसबुक, टिकटकमार्फत फलो गर्ने र आफूलाई अमेरिकाको डिभी परेको र अमेरिकाको क्यालिफोर्नियामा स्थायी बस्दै आएको भन्दै बिहे गरी अमेरिका लैजाने भनी १३ लाख २० हजार रुपैयाँ ठगी गरेको प्रहरीको भनाइ छ। उनीहरुले ठगी गर्न मित लगाई बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ४६ हजार बढी स्वदेश फर्किए

**काठमाडौं/मस-** कारोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विभिन्न मुलुकमा अलपत्र परेकामध्ये हालसम्म ५८ देशबाट ४६ हजार बढी नेपाली स्वदेश फर्किएका छन्। कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सिसिएमसी)का अनुसार भारतसहित ५८ देशबाट स्वदेशी र विदेशी विमानहरूको चार्टर उडानमार्फत शनिबारसम्म ४६ हजार ३ सय १२ नेपाली स्वदेश फर्किएका छन् ।

सरकारले गत जेठ १२ गते 'नेपाली नागरिकलाई स्वदेश ल्याउन सहजीकरण गर्नेसम्बन्धी आदेश' जारी गरेपछि जेठ ३२ गतेबाट विदेशमा अलपत्र नेपाली नागरिकलाई स्वदेश ल्याउन शुरु गरेको हो ।

स्वदेश फर्किएकाहरुमध्ये कुवेत, युएई लगायत केही देशले आफनै खर्चमा नेपालीहरुलाई स्वदेश ल्याइदिएका छन् । साथै केहीलाई रोजगारदाताले टिकट उपलब्ध गराएरका छन् भने बाँकी सबै आफ्नै खर्चमा महँगो हवाई भाडा तिरेर स्वदेश फर्किएका हुन् । बाँकी पृष्ठ २ मा

## कोभिड-१९
# आनुवंशिक अध्ययन शुरु

**नेपाल स्वास्थ्य तथा अनुसन्धान परिषदले कोभिड-१९ का १५ जना संक्रमितको नमूना संकलन गरी आनुवंशिकको अध्ययन शुरू गरेको जनाएको छ ।**

**शरद शर्मा/रासस**
काठमाडौं, २४ साउन ।

नेपालमा रहेको कोभिड-१९ को आनुवंशिक (जिन सिक्वेन्सिङ) को अध्ययन शुरु गरिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले कोभिड-१९ का १५ जना सङ्क्रमितको नमूना लिएर जिन सिक्वेन्सिङको प्रक्रिया शुरु गरेको हो । परिषद्ले नेपाली वैज्ञानिक विज्ञ र अनुसन्धानकर्ताबाट पहिलोपटक निजी प्रयोगशालामा जिन सिक्वेन्सिङ थालिएको परिषद्का कार्यकारी निर्देशक डा प्रदीप ज्ञवालीले जानकारी दिए ।



*समुदायस्तरमा कोरोना जाँच गर्ने क्रममा शनिबार नेपाल पत्रकार महासंघ बागलुङ शाखाका अध्यक्ष दिल शिरीषको स्वाब लिँदै स्वास्थ्यकर्मी । तस्वीर : रामबहादुर थापा, रासस*

नेपालमा संक्रमितको रहेको कोभिड-१९ को जिन कस्तो प्रकारको रहेको भनेर अध्ययन थालिएको हो । अध्ययनबाट यहाँ रहेको कोभिड-१९ को भाइरस कति शक्तिशाली रहेछ भन्ने पत्ता लाग्नेछ। सबै देशले आफ्नो देशमा संक्रमित व्यक्तिमा भएको भाइरस कस्तो छ भनेर जिन सिक्वेन्सी गरिरहेका छन् ।

परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेगनाथ धिमालले फरक फरक संक्रमित व्यक्तिको नमूना लिएर जिन सिक्वेन्सिङ गर्न थालिएको बताए । उनका अनुसार संक्रमित भएर मृत्यु भएका, संक्रमित भएर निको भएका, लक्षणरहित र सामान्य संक्रमित, बालबालिका, युवा र वृद्धा संक्रमित तथा फरकफरक देशबाट आएका संक्रमितको नमूना गरेर जिन सिक्वेन्सिङ गर्न थालिएको हो।

अध्ययनका लागि परिषद्ले काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरेर पनि जिन सिक्वेन्सिङका लागि बाँकी पृष्ठ २ मा

# अयोध्याबारे 'मास्टर प्लान' बनाउन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले भगवान श्रीरामको जन्मभूमि नेपाल नै भएको बताउँदै अयोध्याधामको मास्टर प्लान बनाउन माडीका जनप्रतिनिधिहरुलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री ओलीले टेलिफोन गरेर बोलाएपछि माडी नगरपालिकाका जनप्रतिनिधिहरु शनिबार बालुवाटार पुगेका थिए ।

झण्डै दुई घण्टा भएको भेटवार्ताका क्रममा प्रधानमन्त्री ओलीले लामो व्याख्या गर्दै रामको जन्मभूमि माडीको अयोध्यापुरी नै भएको बताए ।

प्रधानमन्त्री ओलीले विसं २०७८ सालको दशैंमा मूर्ति अनावरण गर्ने गरी राम र सीताको मन्दिर बनाउन निर्देशन दिएको माडीका मेयर ठाकुरप्रसाद ढकालले बताएका छन् । उत्खनन् गर्ने भन्दापनि शास्त्रीय मान्यतालाई नै आधार मानेर मन्दिर बनाउनुपर्ने उनले बताए ।

प्रधानमन्त्री ओलीले माडी नगरपालिकाको नाम परिवर्तन गरेर अयोध्यापुरी राख्नसमेत सुझाएका छन् । भेटमा जनप्रतिनिधिहरुले भने राष्ट्रिय निकुञ्जका समस्या र दुईहप्ता अघि जलेको चेपाङको घर र उनीहरुको बसोबासको समस्याबारे पनि कुरा उठाएका थिए ।

प्रधानमन्त्री ओलीले यसबारे वन मन्त्रालयले अध्ययन गरिसकेको तथा मन्त्रिपरिषद् कार्यालयको टोलीले अध्ययन गरिरहेको भन्दै दुबै प्रतिवेदन आएपछि रक्षा, वन र संघीय मामिलामन्त्रीसहित बैठक राखेर छलफल गर्ने बताएका छन् ।

यसअघि शुक्रबार माडी नगरपालिका-९ का वडाध्यक्ष शिवहरि सुवेदीलाई टेलिफोन गर्दै उनले अयोध्यापुरीको अध्ययन गर्न अनुरोध गरेका थिए ।

प्रधानमन्त्रीले आफूले अयोध्याका बारेमा अध्ययन गर्दा प्रमाण बलियो भेटिएको तथा सोमेश्वर गढी, वाल्मिकी आश्रमलगायत स्थानसमेत बलियो आधार भएको बताएका सुवेदीले जानकारी दिएका छन् ।

उनले भने,'प्रधानमन्त्री अयोध्याका विषयमा माडीको टोलीसँग छलफलका लागि आतुर हुनुहुन्छ ।' हाल माडीमा रहेका धार्मिक सम्पदा र पुरातात्विक सामग्रीको संरक्षण गर्न अनुरोध गर्दै प्रधानमन्त्री ओलीले आउँदो रामनवमी पर्वमा ठूलो पूजा गरी काम शुरु गरिने बताएका वडाध्यक्ष सुवेदीले बताए । उनले भने, 'पुरातत्विक विभागसँग समन्वय गरेर अध्ययन र संरक्षणमा जुट्न प्रधानमन्त्रीको निर्देशन छ ।' हालको वडा नम्बर ९ यसअघिको अयोध्यापुरी गाउँ विकास समितिमा पर्थ्यो । प्रधानमन्त्रीले गत असार २९ गते भानुजयन्तीका दिन राम नेपालकै ठोरी क्षेत्रमा जन्मेको हुन सक्ने अभिव्यक्ति दिएका थिए । माडीको अयोध्यापुरी, वाल्मिकी आश्रम, गोढकलगायत क्षेत्रमा पुरानो मुद्रा, इँटा, पुराना भवनका अवशेषजस्ता पुरातात्विक वस्तु भेटिँदै आएको छ ।

# मानवताका लागि आशाको सन्देश प्रवाह गर्न 'र्‍याली अफ होप'




**काठमाडौं/मस–** मानवताका लागि आशाको सन्देश प्रवाह गर्न आज विश्व स्तरीय अनलाइन र्‍याली अफ होप आयोजना गरिने भएको छ । २१ औं शताब्दीमा मानव जातिले भोग्नुपरेका समस्याहरूलाई सम्बोधन गर्न तथा अन्तरनिर्भरता, पारस्परिक समृद्धि र सर्वव्यापक मूल्यमान्यता साकार गर्ने उद्देश्यले आज र्‍याली अफ होप हुन लागेको हो । सो र्‍यालीमा नेपाली समय अनुसार आज बिहान ६ बजेर ४५ मिनेटमा अनलाईन मार्फत सहभागिता जनाउन सकिने छ ।

विश्व भरिका लाखौं मानिसको सहभागिता रहने आयोजकले जनाएको छ । युनिर्भसल पीस फेडेरेसनको आयोजनामा हुने कार्यक्रममा सम्मेलनमा संयुक्त राष्ट्रसंघका पूर्व महासचिव बान कि मुनले स्वागत मन्तव्य दिनेछन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका आध्यात्मिक सल्लाहकार स्वामी पाउला ह्वाइट, हाउस अफ कउन्सिलर जापानका पूर्व अध्यक्ष चुइची डेट र अमेरिकी प्रतिनिधि सभाका पूर्व सभामुख न्युट ग्रिनगिच, सेनेगलका राष्ट्रपति म्याक्की साल, नाइजरका प्रधानमन्त्री ब्रिजी राफिनी, अमेरिकीका पूर्व उपराष्ट्रपति डिक चेरी लगायतका विश्व नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

सम्मेलनमा युनिभर्सल पिस फेडरेशनकी सहसंस्थापिका डा.हाक जा हान मुनले मानवताका लागि आशाको विशेष सन्देश प्रवाह गर्ने कार्यक्रम समेत रहेको छ । स्वर्गीय डा.सन म्योङ्ग मुन र श्रीमती डा. हाक जा हान मुनले वसुदैव कुटुम्बकम्को आदर्श संसार निर्माण र वास्तविकीकरणका बारेमा सार्वजनिक सम्बोधनहरू विगत वर्षहरुमा पनि गदै आएका छन् ।

कोभिड १९ महामारीले विश्वव्यापी रुपमा परिवारहरूमा दुःख, कष्ट र पिडा दिनुका साथसाथै विश्व मानवजाति एकअर्काबाट टाढा हुँदै गइराखेको र अन्तर्राष्ट्रिय सहयोग घट्दै गइरहेका सन्दर्भमा विश्वले कोभिड १९ को सामना गर्दै गर्दा नागरिक स्वास्थ्य र जीवन्त अर्थतन्त्र मध्ये कुन चाहिलाई प्राथमिकता दिने भन्ने विषयमा छलफल हुनेछ ।

मानवीय मूल्य मान्यताहरूको बढ्दो विचलन वा भ्रमको सामना गरिरहेको विश्वले धार्मिक कट्टरपन्थ र धर्मनिरपेक्षका बीचको मूल्य मान्यताको ध्रुवीकरणको कुराले मात्र होइन कि बरु तिनीहरूका बीचको बढ्दो दृढताले चुनौति थपिदिएको छ ।

संयुक्त राष्ट्र संघ र ईयू जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरूका कारण शान्ति, द्वन्द्व समाधान, गरिबी निवारणको क्षेत्रमा उल्लेख्य प्रगति भएको भएतापनि विश्वमा अझैपनि भूमि, स्रोतसाधन, धार्मिक तथा जातीय मतभेद, पारिवारिक मूल्यमान्यताको स्खलन, जलवायु परिवर्तन आदिलाई केन्द्रविन्दु बनाएर द्वन्द्व र संघर्ष भइनै रहेको छ । सम्मेलनले मानव जीवनमा ईश्वरको अस्तित्व र परोपकारी हस्तक्षेपलाई साहसका साथ स्वीकार्ने छ । सम्मेलनमा अन्तरजातीय, अन्तरधार्मिक तथा विश्वव्यापी सम्मेलनले मानवताको अन्तरनिर्भरता र पारस्परिक समृद्धिको लागि दिगो आशा र भरोषाका लागि अपील गरिएको छ ।

यो सम्मेलनले विश्व मानव परिवारको रूपमा सामना गर्ने चुनौतिहरूको समाधान गर्न व्यावहारिक विधि र एजेन्डालाई प्रस्ताव गर्ने जनाइएको छ । यसले कोभिड १९ महामारी, पर्यावरणीय पहलकदमी, गरीबी तथा भोकमरीको अन्त्य गर्ने उपायहरू र जातीय विभेद जस्ता कुराहरूलाई सम्बोधन गर्दै विश्वमा विद्यमान सबैखाले द्वन्द्वहरूको अन्त्य गर्न एकता र आपसी सहयोगका लागि आह्वान गरिने जनाइएको छ ।

# कोरोना जोखिम समूह पहिचान गरी स्वाब संकलन

**बागलुङ/मस-**बागलुङमा समुदायस्तरमा कोरोना जाँच गरिएको छ । कोरोना संक्रमण जोखिम समूह पहिचान गरी स्वाबको नमूना लिइएको हो । शनिबार र आइतबार सदरमुकामभित्रका कम्तीमा २ सय जनाको स्वाब संकलन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ । पत्रकार, सुरक्षाकर्मी, कर्मचारी, व्यवसायी, ग्यारेज, फोहर व्यवस्थापनलगायतका क्षेत्रमा काम गर्ने व्यक्तिको कोरोना जाँच हुने कार्यालय प्रमुख सुरज गुरौले बताए । उनले भने, 'यो परीक्षणले समुदायमा कोरोना संक्रमणको स्थितिबारे थाहा हुन्छ ।'

जिल्लामा अहिलेसम्म समुदायस्तरमा कोरोना फैलिएको छैन । अधिकांश विदेशबाट आएकामा संक्रमण देखिएको छ । मालढुंगा नाकाबाट जिल्ला भित्रने सवारीका चालक, मजदूर र ट्राफिक प्रहरीको पनि स्वाब लिएको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले बताए । शनिबार एक सय भन्दाबढी स्वाबको नमूना संकलन गरिएको छ । जाँचका लागि आज स्वाब पोखरा पठाइने भएको छ । दुई/तीनभित्रमै जाँचको रिपोर्ट आउने जनाइएको छ । कोरोना जाँचका लागि अहिले पनि पोखरामा निर्भर हुनुपर्ने अवस्था छ ।

धवलागिरि अस्पतालमा पीसीआर मेसिन राखेर कोरोना जाँच सेवा शुरु गर्ने निर्णय अझै कार्यान्वयनमा आउन सकेको छैन । स्वास्थ्य कार्यालय, धवलागिरि अस्पताल, नगरपालिकाको स्वास्थ्य शाखा मिलेर संयुक्त रुपमा स्वाब संकलनको काम भइरहेको छ । बागलुङमा पहिलोपटक गत चैत १५ गते कोरोना संक्रमण पुष्टि भएको थियो । त्यसयता २ सय ६१ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ । तीमध्ये २ सय ३५ जना निको भएका छन् भने एक जनाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालयका अनुसार १ सय २५ जना क्वारेन्टिनमा छन् । शनिबार १३ नयाँ संक्रमित थपिएका छन् । धवलागिरि अस्पतालको भवन निर्माणका लागि महोत्तरीबाट आएका मजदूरमा कोरोना संक्रमण पुष्टि भएको हो । एक साताअघि आएका उनीहरु बागलुङ नगरपालिकाको क्वारेन्टिनमा थिए । संक्रमित २२ देखि ३५ वर्ष उमेर समूहका छन् । उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । भवन निर्माणका लागि आएका १७ जनामध्ये एक जनामा कोरोना देखिएपछि सबैको जाँच गर्दा थप १३ जनाका संक्रमण देखिएको हो ।

**स्क्रब टाइफसका बिरामी भेटिए**

बागलुङमा स्क्रब टाइफसका बिरामी फेला परेका छन् । बागलुङको धौलागिरि अस्पतालमा उच्च ज्वरो आएर उपचारका लागि आएका तीन जनामा स्क्रब टाइफस देखापरेको अस्पतालले जनाएको छ । प्राणघातक संक्रमणका रुपमा लिइँदै आएको स्क्रब टाइफस यही साउन महिनामा मात्रै तीन जनालाई फेला परेको धौलागिरि अस्पतालका सूचना अधिकारी तीर्थ गौतमले बताए । बुधबार मात्रै उच्च ज्वरो आएपछि अस्पताल भर्ना गरिएको जैमिनी नगरपालिका-२ का ४२ वर्षीय पुरुषमा स्क्रब टाइफस देखिएको छ । उनी धौलागिरि अस्पतालमा भर्ना गरी उपचाररत छन् । यस्तै साउन १० गते बागलुङ नगरपालिका-२ का एक र साउन १२ गते पर्वत जिल्लाको फलेवास नगरपालिका-३ का एक जनालाई स्क्रब टाइफस देखिएको थियो । दुवै जना अस्पतालबाट स्वास्थ्य लाभ गरी घर फिर्किएका अस्पतालले जनाएको छ ।

बागलुङमा गत वर्ष सात जनामा स्क्रब टाइफसका बिरामी फेला परेका थिए । स्क्रब टाइफस रोग 'ओरेन्सिया सुसुगमुसी' नामक परजीवीको संक्रमणले लाग्ने गर्दछ । यो परजीवीलाई एक प्रकारको 'माइट' जातिको सूक्ष्म कीराले सार्ने गर्दछ । रोगको कीटाणु बोक्ने 'माइट' स-साना बोटबिरुवाको झाडीमा बस्छ । केही वर्षअगाडि सम्म स्क्रब टाइफस धेरैजसो पहाडी र दुर्गम स्थानमा मात्रै देखिँदै आएकामा पछिल्लो समय शहरी इलाकामा पनि देखिँदै आएको छ ।

# पुलबाट हाम्फालेकी महिलाको उद्धार



**रुपन्देही/मस-**रुपन्देहीको सिद्धार्थनगर नगरपालिका २ स्थित डण्डा खोलामा शनिबार पुलबाट हाम्फालेकी सोही ठाउँ बस्ने २७ वर्षीया पवित्रा अधिकारीको एपीएफ टोलीले जीवितै उद्धार गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रुपन्देहीबाट खटिएको एपीएफ टोलीले उनको उद्धार गरेको हो ।

अधिकारीले पुलबाट हाम्फालेको भन्ने जानकारी पाउनासाथ तत्कालै खटिएको एपीएफ टोलीले उनलाई उक्त खोलाबाट जीवितै बाहिर निकाल्न सफल भएको हो । निज अधिकारीलाई आवश्यक उपचारार्थ भिम अस्पताल भैरहवातर्फ पठाइएको सशस्त्र प्रहरी नायव उपरीक्षक अजय छतकुलीले जानकारी दिएका छन् ।

# स्वास्थ्यकर्मीलाई क्लिनिकमा काम गर्न रोक

**सप्तरी/मस–** सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मीलाई निजी क्लिनिक, निजी अस्पताल वा बाहिरका स्थानमा बिरामी जाँच गर्न शनिबारदेखि रोक लगाइएको छ ।

जिल्ला संकट व्यवस्थापन केन्द्र सप्तरीले निर्देशन जारी गर्दै सो अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मीलाई अस्पताल बाहिरका क्लिनिक वा अन्य कुनै पनि स्थानमा बिरामी जाँच गर्न रोक लगाइएको हो ।

अस्पतालको आकस्मिक कक्षमा कार्यरत सात अहेव संक्रमित भएर आइसोलेसनमा छन् भने शंकास्पद तीन चिकित्सकसहित २७ स्वास्थ्यकर्मी र कर्मचारी होम क्वारेन्टिनमा रहेका छन् । ठूलो संख्यामा स्वास्थ्यकर्मीलाई आइसोलेसन र होम क्वारेन्टिनमा राख्नु परेपछि अस्पतालका स्वास्थ्यकर्मीलाई बाहिरका क्लिनिक, निजी अस्पताल वा अन्य कुनै पनि स्थानमा बिरामी जाँचलगायतका काममा रोक लगाउने निर्णय गर्दै संकट व्यवस्थापन केन्द्रले अस्पताललाई निर्देशन पठाएको छ ।

स्वास्थ्यकर्मीको अभावका कारण शुक्रबार अस्पतालको आकस्मिक सेवा, सर्जरी र ओपिडी सेवा बन्द गर्नुका साथै अन्य सेवासमेत प्रभावित भएको थियो । आकस्मिक सेवालाई सञ्चालन राख्न र कोरोनाको संक्रमण एक ठाउँबाट अर्को ठाउँमा नफैलियोस् भनेर विशेष सजगता अपनाउँदै यस्तो निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

राजविराजस्थित छिन्नमस्ता अस्पताल (निजी) को शल्यक्रिया कक्षमा कार्यरत शल्यक्रिया सहायकमा समेत शुक्रबार कोरोना संक्रमण पुष्टि भएपछि सो अस्पतालसमेत बन्द गरिएको छ । छिन्नमस्ता अस्पतालमा कार्यरत चिकित्सकसहित ७० स्वास्थ्यकर्मी, कर्मचारीलाई पनि होमक्वारेटिनमा रहेको अस्पतालका प्रशासन प्रमुख राजेश झाले बताए । केही चिकित्सक र स्वास्थ्यकर्मी दुवै अस्पतालमा कार्यरत छन् । छिन्नमस्ता अस्पतालमा संक्रमितको सम्पर्कमा आएका कारण होमक्वारेटिनमा बस्नुपरेका केही चिकित्सक र स्वास्थ्यकर्मी गजेन्द्रनारायण सिंह अस्पतालमा समेत कार्यरत रहेकाले थप स्वास्थ्यकर्मी अभाव भएको अस्पताल प्रशासनले जनाएको छ ।

गजेन्द्रनारायण सिंह अस्पतालको आकस्मिक सेवा नै प्रभावित हुने अवस्था आएपछि संकट व्यवस्थापन केन्द्रले क्लिनिक र अन्य ठाउँका बिरामी जाँच गर्न रोक लगाउँदै सम्पूर्ण ध्यान अस्पताल र कोभिड-१९ आइसोलेशन केन्द्र सञ्चालनमा लगाउन निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले बताए ।

## स्थानीय...

८८८ जनामा परीक्षण गरिएको थियो । खोटाङ, धनकुटा, संखुवासभा, मनाङ, मुस्ताङ, डोल्पा र हुम्लामा संक्रमित शून्य छन् ।

हालसम्म विश्वभर एक करोड ९५ लाख ४९ हजार ९०१ कोभिड-१९ बाट संक्रमित छन् । सात लाख २४ हजार १८६ व्यक्तिको मृत्यु भइसकेको छ र एक करोड २५ लाख ७० हजार ६३१ व्यक्ति यस रोगबाट निको हुनुभएको छ ।

## उही...

आएका छन् । समायोजन प्रक्रियामा एकमुष्ठ २५ हजार सदस्य गच्छेदारलाई दिने निर्णयले पार्टीभित्रका पुराना नेता कार्यकर्ता अन्यायमा परेको उनीहरुको आरोप छ ।

यस्तै विभाग संख्या २८ बाट बढाएर ४७ पुऱ्याउने र महाधिवेशन आउन केही महिना मात्रै बाँकी रहँदा विभागीय सदस्य मनोनयन अगाडि बढाइएको भन्दै असन्तुष्टि जनाएका छन् । काँग्रेस जेष्ठ मञ्चमा चार सय बढी मनोनयन गरेर देउवाले आफूलाई बलियो बनाएको बुझाइ असन्तुष्ट पक्षमा देखिएको छ ।

सँगै, आगामी महाधिवेशनबाट नेतृत्व दावी गर्ने क्रम समेत देखिन थालेको छ । तर, यसपटक पनि १३औं महाधिवेशन जस्तै सभापति देउवा, बरिष्ठ नेता पौडेल र पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाबीच नै प्रतिश्पर्धा हुने अनुमान गरिएको छ । अहिलेसम्मको गतिविधिले पनि त्यस्तै देखाउँछ । यसबीच यसपटक पनि महामन्त्री कोइराला, सुजता कोइराला र शेखर कोइरालाले कोइराला परिवारको बिरासतको अजेण्डा उठाउने संभावना देखिन्छ । यसबाहेक अन्य नेताहरुले भने नेतृत्वमा हिम्मत गर्ने संभावना कमै छ ।

## वैदेशिक...

नक्कली नाता जोड्ने गरेको समेत पाइएको प्रहरीको भनाइ छ ।

त्यस्तै लिबिया र कुवेत पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम लिएर बन्धक बनाएको अभियोगमा प्रहरीले चितवन राप्ती नगरपालिकाका उद्धव घतानी र झापा मेची नगरपालिकाका गोरे भन्ने नर बहादुर श्रेष्ठलाई पनि पक्राउ गरेको छ । घतानीले एक युवालाई लिबियामा मिल्क पाउडर कम्पनीमा काम लगाइदिने भन्दै १ लाख ६० हजार रुपैयाँ र १ हजार अमेरिकी डलर लिई दुबई हुँदै लिबियाको त्रिपोली पुऱ्याइ एक वर्षदेखि बन्धक बनाएको पाइएको प्रहरीको दाबी छ । श्रेष्ठमाथि घतानीलाई सहयोग गरेको आरोप छ ।

त्यस्तै उदयपुर, झापा, सिन्धुपाल्चोक र काठमाडौंका ४ जना महिलाहरुलाई कुवेतमा राम्रो तलब हुने घरायसी काममा लगाइदिने भन्दै भारतको नयाँ दिल्लीस्थित उत्तमपुरमा बन्धक बनाएको आरोपमा सिन्धुपाल्चोक चौताराका याङलाल लामा भन्ने ह्यांग लाल तामाङ पनि पक्राउ परेका छन् ।

यस्तै अमेरिकामा कम्पनी दर्ता गरी पार्टनर बनाई लग्छु भन्दै ठगी गरेको अभियोगमा प्रहरीले अमेरिकी नागरिक डानियल ली मागिलाई पनि पक्राउ गरेको छ । उनले भक्तपुर सूर्यविनायकका टुक नारायण श्रेष्ठको एटलास सेक्युरिटी प्राईभेट लिमिटेडलाई अमेरिकामा दर्ता गरी पार्टनर बनाउँछु भनी १० लाख रुपैयाँ ठगी गरेको र अन्य २ जनालाई बिजनेस भिषामा अमेरिका लान्छु भनी प्रत्येकबाट ५ लाख रुपैयाँ उठाउने प्रयास गर्दागर्दै पक्राउ गरेको प्रहरीले बताएको छ ।

कोरोना भाइरस महामारीका कारण वैदेशिक रोजगारी बन्द प्रायः छ । कोरोना संक्रमण केही सुस्ताएपछि सरकारले असार १८ गतेदेखि पुनः श्रम स्वीकृति दिन शुरु गरेपछि एक महिनाको अवधिमा करिब पाँच हजार जना आफ्नो पुरानो रोजगारीमा जोडिन गएका थिए ।

तर श्रम, रोजगार तया सामाजिक सुरक्षा मन्त्रालयले नयाँ श्रम स्वीकृति दिन शुरु गरेको छैन । कोरोना भाइरस संक्रमण अघि नेपालबाट नयाँ रोजगारी तथा पुनः श्रम स्वीकृति लिएर पुरानै रोजगारीमा मासिक ५० हजारको हाराहारीमा जाने गरेका थिए । कोरोना संक्रमणको विगत पाँच महिनाको अवधिमा मुलुकभित्र नयाँ रोजगार सिर्जना भएका छैनन् । होटल पर्यटन लगायतका क्षेत्रको रोजगारी पनि बन्द रहेको अवस्था छ । यस्तो अवस्थामा आकर्षक प्रलोभन दिएर ठगी गर्नेहरुले बेरोजगार युवाहरुलाई ट्र्यापमा पार्ने अनुभवीहरु बताउँछन् ।

## ४६ हजार...

सीसीएमसीका अनुसार सबैभन्दा बढी युएईबाट १२ हजार ५ सय १ जना, साउदी अरबबाट ६ हजार ९ सय ९७ जना, मलेसियाबाट ६ हजार ७ सय ९४ जना, कुबेतबाट ६ हजार ३ सय २० जना, कतारबाट ४ हजार ७ सय १८ जना, अष्ट्रेलियाबाट एक हजार ८७ जना, अफगानिस्तानबाट ३३, ओमानबाट चार सय ९२, जापानबाट एक हजार २३ जना स्वदेश फर्किएका छन् ।

त्यस्तै माल्दिभ्सबाट ७ सय ९ जना, म्यानमारबाट २६ जना, थाइल्याण्डबाट तीन सय २६ जना, दक्षिण कोरियाबाट सात सय २० जना, बंगलादेशबाट आठ सय ४१ जना, सिंगापुरबाट दुई सय ६४ जना, हङकङबाट ८९ जना, पाकिस्तानबाट ७२ जना, बहराइनबाट नौ सय ८० जना, अमेरिकाबाट चार सय २३ जना, बेलायतबाट दुई सय २९ जना, इजरायलबाट एक सय २७ जना, चीनबाट दुई सय आठ जना, टर्कीबाट एक सय १० जना स्वदेश फर्किएका छन् ।

## आनुवंशिक...

आवश्यक किट नआएकाले निजी प्रयोगशालाले गरिरहेको छ । "हामीले काठमाडौं विश्वविद्यालयसँग जिन सिक्वेन्सिङ गर्न भनेर सम्झौता गरेका थियौ", डा धिमालले भने, "तर विश्वविद्यालयसँग आवश्यक किट नआएकाले निजीलाई सिक्वेन्सिङको काम दिएका छौं ।"

उनले करीब ६० वटा नमूनाको जिन सिक्वेन्सिङ गर्ने योजना रहेको भन्दै आगामी नयाँ नमूनाको भने विश्वविद्यालयमा नै जिन सिक्वेन्सिङ गर्ने बताए । संक्रमित व्यक्तिको स्वाब र रगतबाट जिन सिक्वेन्सिङ गरिने छ । उनका अनुसार अबको दुई हप्ताभित्र नतिजा आउनेछ । अध्ययनबाट कोरोना भाइरस कति शक्तिशाली रहेछ भन्ने पत्ता लाग्छ ।

वरिष्ठ अनुसन्धान अधिकृत धिमालका अनुसार, फरकफरक देशबाट आएका संक्रमितको नमूना संकलन गरेर जिनको अध्ययन गरिनेछ । "हामीले फरक फरक देशबाट आएका सङ्क्रमित व्यक्तिको जिन अध्ययन गर्नेछौ" उनले भने, "जिन सिक्वेन्सिङले कुन देशबाट आएका मानिसमा कस्ता प्रकारको भाइरसको जिन छ भन्ने पत्ता लगाउँछ ।"

अध्ययनबाट कोभिड-१९ को संक्रमणको मानिसको रगतमा कुन कुन चीज उत्पन्न भएको छ भनेर पनि पत्ता लाग्नेछ ।

नेपालमा पहिले देखिएका सङ्क्रमित रहेकामध्ये ९८ प्रतिशत कोभिड-१९ को मेडिकल लक्षण चिह्न (क्लिनिकल साइन सिन्ट्रोम) नभए पनि आजभोलि देखिने संक्रमितमा ३३ प्रतिशतमा लक्षण देखापर्न थालेका छन् । जिन पत्ता लगाएपछि कोभिड-१९ को उपचारका लागि आवश्यक भ्याक्सिन र औषधि पत्ता लगाउन सकिनेछ ।

परिषद्ले जिनको अध्ययनपछि गुणस्तरीय छ कि छैन भनेर परीक्षण गर्नका लागि विश्व स्वास्थ्य सङ्गठनको स्वीकृतमा प्राप्त विदेशका प्रयोगशालामा १० प्रतिशत नमूना परीक्षणका लागि पठाउनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६९/०५/०६ मा दर्ता भएको **प्रा.लि. नं. ९६३७०** को **ल्याण्डमार्क ट्रेडिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०१/०६ मा दर्ता भएको **प्रा.लि. नं. १६७२३७** को **आर्टस अफ इन्टेरियर एण्ड आर्किटेक्चर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०७/१२ मा दर्ता भएको **प्रा.लि. नं. १७७०१३** को **लुम्बिनी क्याफे प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एसइई नतिजा प्रकाशनको काम अन्तिम चरणमा

**काठमाडौं/मस–** राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनको काम अन्तिम चरणमा पुगेको जनाएको छ।

विद्यार्थीले प्राप्त गरेको विषयगत र प्रयोगात्मक अंक सिस्टममा चढाउने काम भइसकेको बोर्डले जनाएको छ। विद्यार्थीले प्राप्त गरेको अंकलाई ग्रेडमा बदलेर रिजल्ट तयार गर्ने काम पनि भइसकेको छ।




अन्तिम चरणमा पुनः एक पटक परीक्षण भइरहेको बोर्डले जनाएको छ। परीक्षार्थीको नाम, थर, जन्ममिति र नम्बरमा कुनै त्रुटि नहोस् भनेर रुजु गर्ने काम अन्तिम चरणमा पुगेको बोर्डका सदस्य दुर्गा अर्यालले बताए।

यसअघि बोर्डले साउन दोस्रो हप्ताभित्रै नतिजा प्रकाशन गर्ने जनाएको थियो। तर कोरोना संक्रमण जोखिम बढेको र प्राविधिक कारण नतिजा प्रकाशनमा ढिला भएको बोर्डले जनाएको छ।

हतारमा नतिजा सार्वजनिक गर्दा त्रुटि हुनसक्ने र परीक्षार्थीलाई त्रुटि सच्याउन काठमाडौं आउन समस्या हुने देखिएकाले पनि केही ढिला भएको बोर्डले जनाएको छ।

यसपटक विद्यार्थीको आन्तरिक मूल्यांकनका आधारमा नतिजा सार्वजनिक हुँदैछ। विद्यालयले अन्तिम पटक सञ्चालन गरेको परीक्षाका आधारमा बोर्डले नतिजा प्रकाशन गर्न लागेको हो। नतिजा प्रकाशनपछि परीक्षार्थीलाई बोर्डले ग्रेडसिट प्रदान गर्नेछ। माध्यमिक शिक्षा परीक्षा एसईई कक्षा १० को विद्यार्थी मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधिमा विद्यालयले पछिल्लो पटक सञ्चालन गरेको कक्षा १० को परीक्षाका आधारमा विद्यार्थीलाई प्रमाणपत्र दिने उल्लेख छ।



*डोटीको सायल गाउँपालिका-६ नारामा करिब एक वर्ष पहिले बुवा बाजी खातीको निधन भएपछि र आमा करिब ७ महिनादेखि सम्पर्कविहीन भएपछि अलपत्र परेका बालबालिका।*
*–तस्वीरः रासस*

# राजनीति र सञ्चारकर्म अंगाल्दै नवीन

**दिपा गौतम/मध्यान्ह**
चितवन, २४ साउन

संचारकर्मीका लागि राजनीतिकर्मी समाचारका स्रोत हुन्। यी दुवैबीच राम्रो वा नराम्रो दुबै सम्बन्ध हुन्छ। तर एकै व्यक्तिले सञ्चारकर्म र राजनीतिलाई संगै लैजानु त्यति सहज छैन। तर नेपालको दोस्रो जनआन्दोलनदखि राजनीतिमा होमिएका संचारकर्मी नविनराज पौडेलले भने आफ्नो जीवनलाई यी दुबै क्षेत्रमा सन्तुलन बनाउने प्रयाश गरिरहेकाछन्।



‘राजनीति पनि जनताको लागि हो संचारकर्मी बन्नु पनि जनताकै लागि हो। म यी दुबैलाई एक साथ लान पाउँदा खुशी छु’ पौडेल भन्छन्। २०६२/०६३ को दोस्रो जनआन्दोलन ताकादेखि नै राजनीतिक गतिविधिमा सक्रिय उनको सक्रियता अहिले पनि कम छैन आफु संचारकर्मी भए पनि आफुमा राजनीतिको भोक कहिल्यै नगएको बताउँछन्- पौडेल। ‘अझै सक्रिय भएर समाज सेवा गरौं जस्तो लागेको छ। मैले राजनीतिक कार्यकर्ता र संचारकर्मी दुबैको भूमिका निभाएको छु। पछिल्ला दिनमा मेरो झुकाव अझै धेरै राजनीतितिर बढी हुन थालेको छ’ पौडेल उत्साहित हुँदै भन्छन्।

अहिले उनको सक्रियता बढे पनि विगतमा राजनीतिक आन्दोलनका ति दिन उनको मानसपटलमा ताजै छन्। देशमा गणतन्त्र ल्याउन हजारौं आन्दोलमा होमिए। उनी पनि होमिए। प्रहरीको लाठीको बर्षा ,बुट उनको शरीरमा बज्रिरह्यो। तर पनि उनले कहिल्यै हरेस खाएनन्, हिम्मत हारेनन्। दिनहुँत्यस्ता आन्दोलनमा अग्रपंक्तिमै हुन्थे उनी। प्रहरीले उनलाई नियन्त्रणमा लिने र हिरासतमा राख्ने सामान्य थियो त्यतिखेर। जब उनी हिरासत मुक्त हुन्थे पुनः आन्दोलनमै सक्रिय हुन्थे। झण्डै दुईहप्ता चलेको आन्दोलनमा उनी कैयौंपटक गिरफ्तारीमा परे र हिरासतमा राखिए।

‘तर ममा राजनीतिको मोह कहिल्यै कम भएन’ उनी भन्छन्। उनको योगदानलाई मूल्यांकन पनि राम्रै भयो। उनी हाल चितवनको नेपाली कांग्रेसको जिल्ला सदस्य बन्न पुगे। तर उनले यहाँसम्म आउन भने सयौं उकाली ओराली छिचोलेका छन्।

संयुक्त परिवार तर आमाबुबाको एक्लो छोरा उनी। एक दिदी र एक बहिनीको सानो सुखी परिवार। मध्यम परिवारमा तनहूँको रिस्ती बाहुनपोखरामा जन्मेका पौडेल सानै उमेरमा चितवन झरे। चितवन आउनु अघि तनहुँबाट उनका बुबाले काकालाई उच्च शिक्षा पढाउने शिलशिलामा चितवन पठाएका थिए। केही बर्षपछि नै उनको सबै परिवार चितवननै झर्‍यो। उनी ३ बर्षको हुँदा चितवनको कल्याणपुरमा बसाईसराई गरेर आएको हो उनको परिवार त्यतिबेला उनका काका विरेन्द्र क्याम्पसमा आईएस्सी पढ्दै थिए।

सानै उमेरमा चितवन आएपछि उनी लंकुको हाइस्कुलमा प्रारम्भिक अध्ययन गरे। एसएलसीसम्म सरासर पास भएका उनको उच्च शिक्षा अध्ययन गर्ने गन्तव्य बन्यो काठमाडौं। यसविचमा उनी तनहूँमा बेलाबेलामा आफ्नो भान्दाईले चलाएको पत्रिकाको कार्यालयमा गइरहन्थे। त्यतिबेलानै उनमा पत्रकारिताको नशा नजानिदो तरिकाले लागिहाल्यो, फूर्सदका समय पनि उनी जाने पहिलो गन्तव्य त्यहीं थियो। ‘मैले केही नसोची आरआर क्याम्पसमा भर्ना भईहालें।’ पत्रकारिता प्रतिको उनको पहिलो साइनो सुनाए उनले। उनले सोही क्याम्पसमा आईए र बीएसम्म पत्रकारिता अध्ययन सक्काए।

देशमा त्यतिखेर काठमाडौंलगायत धेरैजसो ठाउँमा एफएम रेडियो थियो भने केही मात्रामा टिभी र छापापत्रकारिता पनि बढ्ने क्रम थियो। पत्रकारिता पढेका उनलाई सञ्चारकर्ममा काम पाउन त्यति गाह्रो परेन।

‘आइए पढ्दादेखिनै मैले काठमाडौबाट पोखराको अन्नपूर्ण एफएम र चितवनको सिनर्जी एफएममा न्यूज पठाउथें’ उनले विगत उप्काए। त्यतिबेलासम्म उनी आफ्नो खुट्टामा उभिने भईसकेका थिए। बिहानदेखि बेलुकासम्म उनी समाचारको खोजीमा हिड्थे, सकेसम्म पत्रकार सम्मेलनका प्रायः कार्यक्रम छुटाउँदैनथे। उनमा पत्रकारिता नशाको उत्कर्ष कति थियो सहजै अनुमान गर्न सकिन्छ।

नाम र दाम दुबै हुने भएपछि उनमा झनै उत्साह र जा‘गर बढ्दै गयो। तर अफशोच तात्कालिन समयमा राजा ज्ञानेन्द्रले कु गरेपछि भने मिडीयाक्षेत्र तहसनहस भयो। कैयौ रेडियो,टिभी, पत्रिका बन्द भए। काठमाडौंको ठाउँमा आफ्नो क्यारियर र उज्ज्वल भविष्यको सपना कोरेका उनमा ठूलो पहाडले थिचेजस्तो भयो, उनी बिलखबन्दनमा परे। तर हिम्मत हारेनन्। हरेस खाएनन्। ‘एकदिन चितवनकै एकजना वकिलले मलाई विज्ञापन एजेन्सी दर्ता गर्न सल्लाह दिए। त्यो नै मेरालागि वरदान सावित भयो’ उनी सम्झन्छन्।

त्यसको केही बर्षमै उनको जीवनको मोडले कोल्टे फेर्‍यो। उनले संघर्ष गर्दै गए। उनले पत्रकारितासंगै विज्ञापन एजेन्सी दर्ता गरें, तर पत्रकारिता गर्न पनि छोडेनन।

एजेन्सी दर्ता गरेपछि झनै उनको व्यस्तता बढ्दै गयो। बिज्ञापन संकलन र पत्रकारिताको काम एक्लै गर्न कहाँ सकिन्थ्यो र? उनी भन्छन, ‘मैले समाचार संकलन गर्न मेरो मातहतमा दुईजना पत्रकारलाई कार्यालयमा राखें।’ उनी भने विज्ञापन खोज्न र सञ्चारमाध्यमलाई विज्ञापन दिननै व्यस्त रहन थाले। तर फूर्सदको समय र राजनीतिक कार्यक्रम भने उनी कहिल्यै छुटाउन्नथे। आफ्नो मुख्य काम र जिम्मेवारीबाट भने उनी कहिल्यै विमुख हुँदैनथे।

विज्ञापन एजेन्सी शुरुवातसंगै उनलाई विज्ञापन दिनेको संख्या बढ्दै गयो। दिन दुईगुना रात चारगुना उनको व्यवसाय चम्किदै गयो। ‘त्यसपछि आजसम्म मैले कहिल्यै पछाडि फर्केर हेर्न परेको छैन।’ उनी ढुक्क हुन्छन्। बोल्नमा फरासिला जोसंग पनि सजिलै भिज्न सक्ने उनी विज्ञापन एजेन्सी संघ आनको केन्द्रीय सदस्य हुदै सचिव सम्म पुगे। तरपनि उनी कहिल्यै थाकेनन स थप आफ्नो क्षमता र व्यवसायलाई विस्तार गर्दै लगे। त्यसपछि त उनलाई देशभरबाट विज्ञापन प्रकाशनको लागि अफर आउन थाल्यो। पत्रकारिताको नशा भएर होला उनलाई पत्रकारिताको भूत भने उत्रिसकेको थिएन। फूर्सद पाउनासाथ विज्ञापनको स्क्रिप्ट साथै रिपोर्टिड गर्नपनि भ्याउँथे।

राजनीति र पत्रकारिता भने उनको नशा थियो। यी दुबैबाट उनी टाढा हुने अवस्थामा पुगेनन्। एकातिर राजनीतिको नशा गहिरिदै गयो। त्यति नै बेला उनले समाचार एजेन्सी पनि खोले। ‘म थुप्रै पत्रकार र मिडीयासंग नजिक थिएँ,’ उनले भने, ‘यसलाई पनि सदुपयोग गर्ने भनेरे स्वतन्त्र समाचार संस्था नामको न्यूज एजेन्सी खोलें।’ त्यसपछि त उनको समाचारको पनि नेपालभरीबाट माग आउन थाल्यो। एकातिर लगानी बढ्दै गयो त अर्कातिर रोजगारीको साथै आम्दानी पनि बढ्न थाल्यो।

उनी आफ्नो सस्थालाई देशभर स्थापित गराउन चाहन्थे। यतिका बर्षसम्म काठमाडौंमै रमाएपनि आफू हुर्केको ठाउँमा सानैदेखि केही गर्छु भन्ने सोच उनमा नभएको होइन, तर मेसो मिलेको थिएन। तँ आँट म पुर्‍याउँछु ‘भनेझैं केहीबर्ष अगाडि उनले भरतपुरमा भरतपुर एफएम स्थापना गरे। त्यसमा पनि उनले सफलता हासिल गर्दै गए। रेडियोले चितवन लगायत अन्य जिल्लाको मन जित्न सफल भयो। उनले विगत केही बर्ष बेदान्त मल्टिपर्पोज कम्पनीमार्फत आफ्नो व्यवसायलाई पनि थप विस्तार गर्दै लगेका छन्, जसमार्फत उनले विज्ञापनका लागि करीब देशभर विभिन्न स्थानीय निकाय र बिभिन्न कम्पनीको होडिङ बोर्डको कामलाई निरन्तरता दिएका छन्।

दुई दशकसम्म एउटै क्षेत्रमा के पाए त भन्ने जिज्ञासामा उनी भन्छन ,‘सबै साथिभाइ कमाएँ, आफूलाई स्थापित गर्न सफल भएँ।’ उनी कुरा घुमाउँदैनन्। यतिमात्र होइन भर्खर ३.५ दशकमा टेकेका उनले काठामाडौंमा घर, घडेरी जोडे, चितवनमा नयाँ व्यवसायिक भवन बनाउने सुरमा छन। घरबाट एक पैसापनि सहयोग नमागेका उनले हालसम्म ४ करोडभन्दा बढी आफ्नो संस्थामा लगानी गरेको बताउँछन्। ‘मैले यस ग्रुपमार्फत ५ वटा कम्पनीलाई निरन्तरता दिएको छु।’ उनी गर्वसाथ उभिन्छन्।

हाल उनले संचारकर्ममार्फत भरतपुर एफएम, भरतपुर पोष्ट डटकम र भरतपुर अनलाईन टिभी मार्फत आफ्नो संचार ब्यबसायलाई स्थापित बनाउँदै लगेका छन्। संचारकर्मका साथै कांग्रेस पार्टीमासमेत उनी निकै सक्रिय छन्। हालैमात्र उनी वडा क्षेत्रीय प्रतिनिधिबाट जिल्लाको नेपाली का‘ग्रेसको मनोनित सदस्य भइसकेका छन्।

सामाजिक कामको साथै राजनीतिमा उत्तिकै क्रियाशील उनी आगामी दिनमा राजनीतिमा थप सक्रिय हुने र थप जिम्मेवारीका साथ समाजसेवामा लाग्ने इच्छा राख्छन्। ‘संचार उद्यमले त मेरो व्यवसाय चलिरहन्छ’, उनले भने, ‘राजनीतिबाट देशलाई पनि केही दिन सकूँ भन्ने मेरो भावना हो।’ कुनै पनि क्षेत्रमा सफल हुन इमान्दारिता, निरन्तरता र धैर्यनै मुख्य कडी भएको उनको ठम्याइ छ।

राजनीति र संचारकर्ममा झण्डै दुई दशक विताएका उनले यी दुबैलाई सँगै लैजाँदै आएका छन्। भविश्यमा पनि यो क्रमलाई निरन्तरता दिने उनको प्रयासले कस्तो मूर्त रुप लेला त्यो भने हेर्न बाँकी नै छ।

### सरकारी पैसा व्यक्तिको खातामा प्रकरणः

# लेखापालसहित चारैजना छुटे

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २४ साउन

सरकारी पैसा ब्यक्तिगत खातामा राखेको आरोपमा पक्राउ परेका त्रिवेणी गाउँपालिकाका रुकुम पश्चिमका लेखापाल सहित चारजना छुटेका छन्। उनीहरु रातिको समयमा घरपरिवारसहित कार्यालयमा काम गर्ने क्रममा पक्राउ परेका थिए।




बिहीबार राति लेखापालसहित उनका आफन्त भाइ विकास, भतिज सुवास र अर्का भतिज भिमसेन कार्यालयको मुख्यगेट बन्द गरी कागज़ात मिलाइरहेको भन्ने खबर पाएपछि प्रहरीले पक्राउ गरेको थियो।

पक्राउ परेका उनीहरुलाई प्रमुख जिल्ला अधिकारीको निर्देशनमा नियन्त्रणपछि प्रहरीले प्रशासनको जिम्मा लगाइएको थियो। जिल्ला प्रशासन कार्यालयको छानविन कार्य पछि सामान्य सोधपुछ गरी उनीहरुलाई छाडिएको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए। लेखापाल केसीले गत आर्थिक वर्ष २०७६र७७ को बजेटबाट २४ लाख ९२ हजार ३७२ रुपैया‘ श्रीमती र भतिज सुवासको खातामा जम्मा गरेका थिए।

# बन्दाबन्दीमा सिन्धुलीमा २ खानेपानी आयोजना सम्पन्न

**सिन्धुली/मस–** बन्दाबन्दीको समयमा सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नं ६ अमारेमा तुरतुरे खानेपानी आयोजना तथा न्यौपानेटारमा निगौली ओडारे खानेपानी आयोजना निर्माण कार्य सम्पन्न भएका छन्। उक्त खानेपानी आयोजनामार्फत् अमारे र न्यौपानेटारका घरहरुमा ५९ धारा निर्माण भई चार सय २३ जना लाभान्वित भएका छन्। अमारेका ३९ घरमा धारा निर्माण भई १ सय ४५ पुरुष १ सय ३६ महिला गरि जम्मा २ सय ८१ जना र न्यौपानेटारका २० घरमा धारा निर्माण पश्चात ७२ पुरुष र ७० महिला गरि जम्मा १ सय ४२ जना प्रत्यक्षरुपमा सुरक्षित खानेपानीबाट लाभान्वित भएका हुन्।



नेपाल रेडक्रसको आव्हानमा स्थानीय सुनकोशी गाउँपालिका र स्थानीय बासिन्दाको सहयोग र सहभागितमा यो सफलता भएको नेरेसोका सञ्चार निर्देशक दिव्यराज पौडेलले बताए। उनका अनुसार रेडक्रसको ७० प्रतिशत र स्थानीय पालिका तथा बासिन्दाहरुको ३० प्रतिशत रकम लगानी भएको छ। रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ र सुनकोशी गाउँपालिका सिन्धुलीको आर्थिक साझेदारीमा नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाको पहलमा निर्माण कार्य सम्पन्न भएको हो। तुरतुरे खानेपानी आयोजना निर्माण गर्न रेडक्रसको रु.२१,६०,८९३.७२, सुनकोशी गाउँपालिकाको रु.७,९५,५०८.१३ र समुदायको रु.१,२०,४६८.१६ गरि कुल रकम रु.३०,७६,८७०।०१ खर्च भएको नेपाल रेडक्रस सोसाइटी सिनधुली जिल्ला शाखाका बास अधिकृत जयनारायण चौधरीले जानकारी दिए। त्यसैगरि निगौली ओडारे खानेपानी आयोजनामा रेडक्रसको रकम रु.१५,३५,५४०.९४, सुनकोशी गाउँपालिकाको रु.४,७७,८०८.३१ र समुदायको रु. ८१,१,७७.७७ गरि कुल रकम रु.२०,९४,५२७.६२ को लागतमा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न भएको हो।

सुनकोशी गाउँपालिकामा ६ वटा यस्ता खानेपानी आयोजना सुरुभएको र ती सबै योजनाकोलागि गाउँपालिकाले सहयोग गरेकोमा धन्यवाद दिँदै नेरेसो सिन्धुलीका सभापति अशोक श्रेष्ठले तेस्रो योजना एकहप्ता भित्र सम्मन्न गरिने र बाँकी ३ वटा आगामी २ महिनामा सम्पन्न हुने जानकारी दिए। उनले भने, ‘लकडाउन नभएको भए सबै योजना अहिलेसम्म पूरा भैसकेका हुने थिए। सुख्खा क्षेत्रमा खानेपानी पुर्‍याउन सहयोग गर्न पाएकोमा हामी खुशी छौं।’

# करिब २३ लाख ७१ हजार बराबरको सुनसहित पक्राउ

**मोरङ/मस–** मोरङको विराटनगर महानगरपालिका १६ दरैयाबाट एपीएफ टोलीले करिब २३ लाख ७१ हजार रुपैयाँ बराबरको दुई सय ६७ ग्राम दुई सय २० मिलिग्राम सुनसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही महानगरपालिका १७ बस्ने ५५ वर्षीय शेमपेन गुप्ता छन्। उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बखीबाट खटिएको एपीएफ टोलीले उल्लेखित सुनसहित पक्राउ गरेको हो।

साईकलमा दुध बोकी हिँडिरहेको अवस्थामा शंका लागि एपीएफ टोलीले जाँच गर्दा उनको साथमा उल्लेखित सुन फेला परेपछि पक्राउ गरिएको हो। एपीएफ टोलीले त्यसवेला निज गुप्ताको साथबाट पाँच हजार रुपैयाँ र एउटा मोबाईल सेट समेत बरामद गरेको छ।

### लागूऔषधसहित पक्राउ

मकवानपुरको हेटौंडा उपमहानगरपालिका १५ सुर्यामाईबाट शनिबार एपीएफ टोलीले वीसीरेक्स नामक ९० बोतल लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही उपमहानगरपालिका ९ सिमेन्ट रोड बस्ने ३२ वर्षीय प्रदिप पाण्डे छन्। बा ५ प ४२२३ नम्बरको मोटरसाइकलमा सवार उनलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर १४ गण मकवानपुरबाट खटिएको एपीएफ टोलीले जाँच गर्दा उनको साथमा उक्त लागूऔषध फेला परेपछि पक्राउ गरिएको हो। पक्राउ परेका निज पाण्डेलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ।

# कार दुर्घटना हुँदा तीन जनाको मृत्यु

**रुपन्देही/मस-** रुपन्देहीमा कार दुर्घटना हुँदा तीन जनाको ज्यान गएको छ।

सिद्धार्थ नगरपालिका-४ का २७ वर्षीय देवेन्द्र चौधरी र कोटहिमाई गाउँपालिका-३ मर्यादपुरका २७ वर्षीय नौसाप दर्जी र पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१२ पथगावाका १२ वर्षीय प्रदिप ठाकुरको मृत्यु भएको हो।

तीनै जनाको भैरहवामा रहेको भिम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। घाइते सिद्धार्थ नगरपालिका-४ का ३० वर्षीय अनिल यादवको भैरहवामा उपचार भइरहेको छ। नवलपरासीको परासीबाट भैरहवाका लागि छुटेको लु २ च ६७५६ नम्बरको कार रोहिणी गाउँपालिका वडा नम्बर ४ छिपागढको हुलाकी सडकखण्डमा अनियन्त्रित भई कल्भर्टमा ठोक्किएर दुर्घटना भएको हो।

## सम्पादकीय

# बरालियो बहस

चितवनको ठोरीस्थित अयोध्याबारे अध्ययन, अनुसन्धान र उत्खनन् गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले वडाध्यक्षलाई निर्देशन दिएका छन् । प्रधानमन्त्रीको टेलिफोन गएपछि वडाध्यक्ष मात्रै नभएर स्थानीय तहका प्रमुख र उपप्रमुख नै काठमाडौं आएका छन् । यो टोली काठमाडौं हिडेको प्रचार योजनाबद्ध रूपमा गरियो । अर्थात् अब प्रधानमन्त्री ओलीको विवादास्पद अभिव्यक्तिलाई प्रमाणित गर्न सरकारी प्रयत्न अगाडि बढेको छ । यसले धार्मिक ग्रन्थ रामायण बर्णित् रामको जन्मभूमि भारतको अयोध्या नभएर नेपालको ठोरी हो भन्ने प्रमाणित गर्ने प्रयास गर्नेछ ।

प्रधानमन्त्रीले भानुजयन्तीको अवसरमा आफ्नै सरकारी निवास बालुवाटारमा आयोजित एक कार्यक्रममा रामको जन्मभूमि नेपाल नै भएको अभिव्यक्ति दिएका थिए । यो अभिव्यक्तिले नेपालमा मात्रै नभएर दक्षिणी छिमेक भारतमा समेत ठूलै तरंग ल्याएको छ । धर्मको राजनीति शिखरमा चढिरहेको भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको भारतीय सरकारले पहिलेबाटै अयोध्यालाई आफ्नो राजनीतिक अस्त्र बनारहेकै थियो । कतिसम्म भने बाबरी मस्जिद ध्वस्त बनाएर त्यही ठाउँमा रामको विशाल प्रतिमा बनाइदैछ । प्रधानमन्त्री ओलीको अभिव्यक्ति पश्चात् अयोध्यामा रामको प्रतिमा शिलान्यास नै भएको छ ।

यता, प्रधानमन्त्री ओलीले पनि ठोरीस्थित अयोध्याको उत्खनन् शुरू गरेका छन् । यसले कुटनैतिक असर पर्ने भन्दै कतिपयले आलोचना गरेका छन् । उनीहरूको मतअनुसार, छिमेकलाई चिढ्याउनेगरी प्रधानमन्त्री ओलीले अभिव्यक्ति मात्रै दिएनन्, उत्खनन्कै काम अगाडि बढाए । यसलाई प्रधानमन्त्री ओलीले भने राष्ट्रियतासँग जोडेका छन् । कतिपयले प्रधानमन्त्रीको कदमको स्वागत समेत गरेका छन् । तर, स्वयम् नेकपाभित्र भने यस्तो झन्झटमा सरकार पर्न नहुने भन्दै आलोचना भइरहेको छ । कतिपयले भने रामको जन्मभूमिको प्रशंग इतिहास नभएर साहित्य भएकाले यसलाई चलाउनु उचित मोनका छैनन् । साहित्यको उत्खननतिर लागेर छिमेक सम्बन्ध बिगार्ने काम गर्न नहुने कतिपय परराष्ट्र मामलाका जानकारहरूले बताउँदै आएका छन् ।

तर, प्रधानमन्त्रीले थालेको कामबारे पक्ष वा विपक्षमा लाग्ने भन्दा पनि अहिलेको सन्दर्भमा सरकारको प्राथमिकता कतातिर जानुपर्ने हो भन्ने चाहिं महत्वपूर्ण छ । किनभने, विश्वव्यापी कोभिड महामारीका कारण मुलुक ठूलै संकटमा फसेको छ । जनता एकै पटक रोग र भोक विरूद्ध लड्नुपर्ने अवस्था सिर्जना भएको छ । यसतर्फ सरकारको प्राथमिकता हुनुपर्ने हो । निष्कर्षमा भन्दा धार्मिक ग्रन्थको राम भन्दा पनि आज महामारी विरूद्ध लडिरहेको रामहरूको संरक्षण प्रधानमन्त्रीको पहिलो प्राथमिकता हुनुपर्छ । अन्य विषय बिस्तारै बहस गर्न सकिन्छ ।

# आर्थिक विकासमा घरेलु तथा साना उद्योगको भूमिका



■ खेमराज निरौला

घरेलु उद्योग भन्नाले घरघरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । यसका साथै नेपालको ग्रामीण भेगमा खेर गइरहेको स्थानीय कच्चा सामग्रीहरूलाई परम्परागत रूपमा प्रयोग गरी कृषिबाट फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यकता पूर्ति गर्नका लागि गरिने व्यवसायलाई पनि घरेलु उद्योग भनिन्छ । यस्ता उद्योगअन्तर्गत ऊनी तथा सुती कपडा उद्योग, अल्लोबाट कपडा बुन्ने, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिँडी, पेपर उद्योग, बेतबाँससम्बन्धी उद्योग, उखु पेल्ने उद्योग आदि पर्छन् ।

ग्रामीण औद्योगीकरणअन्तर्गत कृषिमा आधारित विशेष उद्योग जस्तै– पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेसम खेती, दुग्धशाला आदि पर्छन् । खासगरी कुटीर उद्योगहरू ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्धित भएका हुन्छन् । हाते तानमा कपडा बुन्नु, माटाका भाँडा बनाउने, गहना बनाउने, राडीपाखी, सुकुल चटाइ, टोकरी बुन्ने नेपालमा सञ्चालित विभिन्न कुटीर घरेलु उद्योगहरू हुन् । नेपालका औद्योगिक एकाइमध्ये लगभग ९५ प्रतिशत घरेलु उद्योग छन् भने करिब ९० प्रतिशत औद्योगिक रोजगारी घरेलु उद्योगले प्रदान गरेको अनुमान गरिएको छ । आ.व. २०७५/७६ मा ठूला, मझौला तथा साना गरी करिब ८ सय ९५ उद्योग दर्ता भएको तथ्यांक उद्योग विभागको छ भने करिब ६ लाखले स्वदेशी उद्योगमा रोजगारी पाएको तथ्यांक छ । त्यस्तै कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान करिब ५.६ प्रतिशत रहेको देखिन्छ । कुल राष्ट्रिय उत्पादनमा उद्योगको योगदान करिब ९.७ प्रतिशत रहेको यस क्षेत्रले कुल श्रमशक्तिको करिब ९ प्रतिशतलाई रोजगारी प्रदान गर्न सकेको छ । नेपालमा अहिले ठूला, मझौला तथा साना गरी करिब ८ हजार २ सय १८ वटा उद्योग सञ्चालित रहेको तथ्यांक छ ।

घरेलु तथा साना उद्योग सबैभन्दा पुराना उद्योगहरू हुन् । यी उद्योगहरू मुख्यगरी परिवारका सदस्यहरू मिलेर आंशिक रोजगारी वा पूर्णकालीन रोजगारीका रूपमा सञ्चालन गरिरहेका हुन्छन् । नेपालमा घरेलु तथा साना उद्योगले प्राचीन कालका वस्तुहरू निर्यात गरेको पाइन्छ । नेपालमा प्राचीन समयदेखि नै हस्तकलाको राम्रो विकास भए पनि सन् १९३९ मा घरेलु विभाग गठन गरिएपछि यसले घरेलु उद्योगलाई निश्चित मापदण्डका आधारका मापन गर्दै आएको पाइन्छ । घरेलु उद्योगमा १० जनादेखि २० जनासम्म कामदार हुन्छन् भने औद्योगिक नियमावली, २०४९ अनुसार २० हजारदेखि १ करोडसम्म लगानी गरिन्छ र यसले पूर्णकालीन पेसाका रूपमा ग्रामीण र सहरी दुवै क्षेत्रमा कार्य गर्छ ।

> अहिले सबैका मुखबाट विकास र समृद्धिका कुरा आउँछन्, तर त्यो विकास र समृद्धि ल्याउन के गर्नुपर्छ, कस्तो योजना बनाएर अघि बढ्नुपर्छ भन्नेमा कसैको ध्यान जान सकेको छैन ।

विकासोन्मुख मुलुकहरूको आर्थिक समृद्धिमा घरेलु तथा साना उद्योगको महत्वपूर्ण योगदान रहेको हुन्छ । स्रोतसाधनको सीमितता, पुँजी परिचालनको कमजोर अवस्था, व्यावसायिकताको प्रवर्द्धन अपेक्षित रूपमा हुन नसक्ने भएकाले नेपालजस्ता मुललुकहरूको आर्थिक विकासको मेरुदण्डको आधारका रूपमा घरेलु तथा साना उद्योगको विकास अपरिहार्य भएको छ । यस क्षेत्रको व्यवस्थापन र प्रवर्द्धन गर्न घरेलु तथा साना उद्योग विभाग र अन्तर्गतका कार्यालयहरू, घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरूले आवश्यक कार्य गरिरहेका छन् । चालू योजनाले लिएको गरिबी निवारण गर्ने मुख्य उद्देश्यअनुरूप घरेलु तथा साना उद्योग-व्यवसायको विकास एवं विस्तार गर्नका लागि मागमा आधारित आवश्यक सीप विकास, उद्यमशीलता विकास तालिम, प्राविधिक परामर्श, कर्जा प्रवाह एवं सूचना सम्प्रेषणजस्ता कार्यक्रमहरू एकीकृत रूपमा गरिँदै आएको छ । अपाङ्ग, पिछडिएका वर्ग, दलित जनजाति, एकल महिला, द्वन्द्वपीडित एवं महिलाको उत्थान हुने गरी बजार मागमा आधारित रोजगारी एवं सीपमुलक तालिम, उद्यमशीलता विकास तालिम कार्यक्रमहरूलाई ती वर्गको सशक्तीकरणसँग जोडेर प्राथमिकताका साथ स्पष्ट लक्ष्य किटान गरी कार्यान्वयनतर्फ लैजानुपर्छ ।

हाम्रो देशमा कृषिमा जनसंख्याको भार अत्यधिक छ र यो भार झन् बढ्ने विशेषज्ञहरूको अनुमान छ । तर, स्थानीय प्राकृतिक साधनहरू कृषिउपजहरूको सदुपयोग हुने साना तथा घरेलु उद्योगको स्थापना गर्न सकेको खण्डमा एकातिर खेर गइरहेको प्राकृतिक साधनहरूको सदुपयोग गर्न सकिन्छ भने अर्कातर्फ कृषिमा रहेको अत्यधिक जनसंख्याको भारलाई कम गर्न सकिन्छ । स्थानिय स्तरमा कच्चा सामानहरू प्रशस्तै पाइन्छन् । तिनीहरूलाई अहिलेसम्म प्रयोगमा ल्याउने काम कुटीर लघु उद्योगहरूले गरेका छन् । साना उद्योगहरूको स्थापना गर्न ठूलो पुँजीको जरुरत पनि पर्दैन । ठूला औद्योगिक घराना र विकसित प्रविधिबिना पनि यी उद्योगहरूको विकास गर्न सकिन्छ । यसका निमित्त कुनै ठूलो प्राविधिक दक्षता वा ज्ञानको पनि आवश्यकता पर्दैन । तसर्थ सीमित साधन भएको हाम्रो मुलुकका निमित्त घरेलु तथा साना उद्योगहरू नै आर्थिक उन्नतिको एक मात्र उपयुक्त माध्यम हुन् ।

नेपालका अधिकांश जनता गाउँमा बस्छन् । खेतीको समयबाहेक अन्य महिनाहरूमा उनीहरू खालि बस्नुपर्ने हुन्छ । वर्षैभरि पुग्दो काम नहुने हुनाले नै अर्धबेरोजगारी र अदृश्य बेरोजगारीको समस्या उत्पन्न भएको छ । खाली समयमा घरेलु उद्योग सञ्चालन गर्ने गरेमा आर्थिक अवस्था सुधार हुने कुरामा कुनै सन्देह रहँदैन । औद्योगिक विकास मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधारस्तम्भ पनि हो । रोजगारीका लागि कृषि क्षेत्रमा रहेको अत्यधिक निर्भरतालाई कम गर्दै विद्यमान बेरोजगारी, अर्द्धबेरोजगारी कम गर्न औद्योगीकरणको भूमिका महत्वपूर्ण रहन्छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना, स्थानीय सीपको प्रर्वद्धन, स्रोत र साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउँछ ।

विश्वका प्रत्येक विकासोन्मुख राष्ट्रहरू उच्च प्रकारका औद्योगीकरणबाट पिछडिएको अवस्था छ । औद्योगीकरणको प्रारम्भिक प्रयासले नै आर्थिक विकासलाई अँगालेको हुन्छ । विश्वमा औद्योगिक विकासले गर्दा नै विकसित राष्ट्रहरूले उच्च दरको आर्थिक वृद्धि हासिल गर्न सफल भएका छन् । आजको युरोप, अमेरिका, चीन, जापान, कोरियाजस्ता मुलुकहरू सम्पन्न हुनुका पछाडि औद्योगीकरणकै प्रभाव हो भन्दा फरक नपर्ने भएको छ ।

नेपालको कुल निर्यातमा पनि कृषिजन्य वस्तुकै बाहुल्यता रहेकाले नेपालको औद्योगिक स्थिति अझै दयनीय अवस्थामै रहेको स्पष्ट हुन्छ । नेपालजस्तो विकासोन्मुख मुलुकले घरेलु तथा साना उद्योगको क्षेत्रमा बढी मात्रामा लगानी गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अहिले सबैका मुखबाट विकास र समृद्धिका कुरा आउँछन्, तर त्यो विकास र समृद्धि ल्याउन के गर्नुपर्छ, कस्तो योजना बनाएर अघि बढ्नुपर्छ भन्नेमा कसैको ध्यान जान सकेको छैन । अहिलेको स्थायी र बलियो भनिएको सरकारले पनि देशमा भएका रुग्ण उद्योगहरू सञ्चालन गर्नेतर्फ कुनै ठोस योजना बनाएर अघि बढ्न सकेको देखिँदैन नयाँ खोल्ने त कुरै छाडौ । जबसम्म आफ्नै मुलुकमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी देशलाई औद्योगीकरणको बाटोतर्फ डोऱ्याउन सकिँदैन तबसम्म विकास र समृद्धि भनेको केवल गरिने भाषणमा मात्र सीमित हुने सम्भावना छ । सरकारी लगानीमै खुलेका कतिपय उद्योग रुग्ण अवस्थामा पुगेका छन् । वीरगन्ज चिनी कारखाना, गोरखकाली रबर उद्योग, हरिसिद्धि इँटा-टायल उद्योग, कृषि सामग्री लिमिटेड, बुटवल धागो, विराटनगर जुटमिल, जनकपुर चुरोटजस्ता ठूला उद्योगहरू लामो समयदेखि सरकारी बेवास्ता र चरम राजनीतीकरणको चपेटामा परेका छन् । यी उद्योगहरूलाई तत्काल सञ्चालनमा ल्याएर मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकारको ध्यान जान सक्नुपर्छ । लकडाउन र बन्दाबन्दीले धराशायी बनाएको देशको अर्थतन्त्रलाई थप ऋणात्मक हुनबाट बचाउन पनि अब सरकारले रुग्ण र बन्दको अवस्थामा पुगेका घरेलु तथा साना उद्योगलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउने वातावरण सिर्जना गर्नेतर्फ ध्यान दिनुपर्छ ।

## सामाजिक सञ्जाल



सामन्तवादको जरा कति बलियो । आर्थिक शोषक र शोषितबीचको द्वन्द्वमात्र हैन । अझ खराब । जातीय ऊचनीचको। 'मलाई हेप्ने' भन्ने किसिमको । अहम्, असहिष्णुताको । मोरङगको मुसहर बस्तीमा भयंकर गुण्डा आक्रमण, त्रासमा एक महिलाद्वारा आत्महत्या । सर्वहाराको सरकार केका लागि ?

**– दमननाथ ढुंगाना**



मैले भारतबारे बोल्दा साथीहरू मेरो अनुहारमा केपी शर्मा ओली खोज्न थाल्छन् । मैले चीनबारे टिप्पणी गर्दा मेरो अनुहारमा राजेन्द्र र उपेन्द्र देख्न थाल्छन् । खै, मेरो अनुहारमा नेपाल कसले खोजिदिने !

**– मनिष झा**



पार्टी एकता पार्टीका नेता, कमिटी र कार्यकर्ताहरूले बचाउने हो । यसका लागि पार्टीको सिद्धान्त र विधान नै आधार हुन्छ । यसबाहेक निर्वाचन आयोग, अदालत, सेना वा अरू मित्रहरूको साथ लिएर संसारमा कतै कम्युनिस्ट पार्टी बनेको उदाहरण छैन ।

**– विष्णु रिजाल**



'म दमाईकी छोरी, लेख्दै गर्दा कतिपयले आपत्ति जनाए । मेरो जात पहिचान कि, हैसियत ? मानिस जातमा बाडिएको हुन्छ । ऊ जातकै कारण सानो हुँदैन सोच नै सानो भइसकेपछि कसको के लाग्छ ।

**– कमला परियार**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# माखेसाङ्लोले अड्काएको जलविद्युत



कृष्णहरि बास्कोटा

नेपाल जलविद्युत्मा विश्वमै ब्राजिलपछि दोस्रो ठूला सम्भावना भएको मुलुक भनी पाठ्यपुस्तकमा पढ्दा करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादनको क्षमता छ भनियो । आधुनिक प्रविधिले यसलाई असीमित क्षमतामा रूपान्तरित गरिदिएको छ । अब आधुनिक प्रविधि र उपकरणमा आधारित भई नयाँ बेसलाइन सर्भे गरेर नेपालमा आर्थिकरूपमा कति विद्युत् शक्ति उत्पादनको सम्भावना छ भनी पहिचान गरिनुपर्छ ।

नेपालभित्र रहेका करिब ११ हजार नदीनालाको सरदर वार्षिक बहाव करिब २२५ अर्ब घनमिटर रहेको अनुमान छ । तर सुविधाप्राप्त नेपालीले विगतमा १८ घण्टासम्मको लोडसेडिङको पीडा भोग्यौं, हाल पनि विद्युत् शक्ति आयातमुक्त हुनसकेको छैन । छिट्टै हामी विद्युत् शक्तिमा आत्मनिर्भर हुनुपर्छ ।

वि.सं. १९६८ जेठ ९ गते पाँच सय किलोवाटको फर्पिङ जलविद्युत् आयोजनाबाट नेपालमा विद्युत् शक्ति उत्पादनको थालनी भएको हो । हाल मुलुकमा एक हजार ३८६.८ मेगावाट जलविद्युत् उत्पादन क्षमताका पावर हाउस सञ्चालनमा छन् । वर्तमान सरकारले चालु आ.व.२०७७/०७८ को अन्त्यसम्ममा मुलुकको जलविद्युत् उत्पादन जडित क्षमता तीन हजार मे.वा. पुग्ने प्रक्षेपण गरेको छ ।

हाल राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवामा पहुँच पुगेको जनसंख्या ९०.१ प्रतिशत छ भनिएको छ । तर हाल प्रतिव्यक्ति जलविद्युत् खपत २६० कि.वा घण्टा छ, जुन विकसित मुलुकका जनताको तुलनामा निकै न्यून हो ।

एउटा अध्ययनका अनुसार करिब पाँच हजार मे.वा. क्षमताको विद्युत् शक्ति मुलुकभित्रै खपत हुने अवस्था सिर्जना भएपछि मात्रै हामी औद्योगिकीकरणको रूपान्तरणतर्फ लम्किन सक्नेछौं । सो बखत मुलुकमा एउटा रासायनिक मल कारखाना, एउटा पेट्रोलियम पदार्थको मिनी रिफाइनरी र थुप्रै आद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह, गार्मेण्ट प्रशोधन क्षेत्रलगायतको सञ्चालन सम्भव हुनेछ । यसर्थ मुलुकमा रहेको असीमित जलविद्युत्को क्षमताबाट जुन प्रकारको आर्थिक क्रियाकलापलाई बढावा दिन सहजता पुग्छ, सोही क्षेत्रमा लम्किनुमै हाम्रो हित हुनेछ ।

वर्तमान अवस्थामा मुलुकमा विद्युत् चुहावट १४.०७ प्रतिशतमा झरेको छ । यो करिब पाँच वर्ष पूर्व झण्डै २७ प्रतिशत थियो । विद्युत् चुहावट नियन्त्रण गर्न ठूलो सफलता हासिल भएको छ । मुलुक विद्युत्शक्ति उत्पादन र वितरण क्रमिकरूपमा सुधारोन्मुख दिशामा छ तथापि यस क्षेत्रमा थुप्रै काम गर्न बाँकी छ । हामीले वैकल्पिक ऊर्जाका क्षेत्रमा पनि केही सफलता हासिल गरेका छौं ।

विशेषगरी, सोलारबाट राम्रै लाभ लिइरहेका छौं । केही मल्टिफ्युल प्लान्टबाट पनि विद्युत्शक्ति हासिल गरिरहेका छौं । यी सबै प्रयासका बाबजुद पनि विद्युत् आयात गरिरहनुपर्दा ठूलो धनराशि विदेसिइरहेको छ । भारतबाट नेपालमा विद्युत् शक्ति आयात भइरहेको छ । यसलाई हामीले आफ्नो क्षमता र शक्तिको माध्यमद्वारा क्रमशः विस्थापित गर्नुपर्छ ।

यसमा विश्व बैङ्क र एसियाली बैङ्कलगायतको सहयोगको परिचालन गर्नुपर्छ तर पहिला त विद्युत्शक्तिको उत्पादन वृद्धि गर्नुपर्छ । तसर्थ चालु आ.व.मा माथिल्लो तामाकोसी, रसुवागढी, माथिल्लो सान्जेन, मध्यभोटेकोसी लगायतको जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गर्ने सरकारको लक्ष्य छ । साथै यस अवधिमा निजीक्षेत्रको लगानीका केही आयोजनासमेत सम्पन्न भई मुलुकमा एक हजार तीन सय मे.वा. विद्युत् शक्ति राष्ट्रिय प्रसारण प्रणालीमा थपिनेछ ।

यसरी तीन हजार मे.वा. विद्युत्शक्तिको उत्पादनसँगै निकासीको सम्भावना उजागर हुनेछ । यस अतिरिक्त, जीएमआरले लगानी गरेको अपर कर्णाली र अपर मर्स्याङ्दीबाट एक हजार ५०० मे.वा. र सतलजको लगानीमा अरुणबाट चार सयभन्दा बढी मे.वा.जलविद्युत् उत्पादन भएपछि हाम्रो विद्युत् निकासी परिणाममूलक हुनेछ ।

नेपाल सरकारले नेपालको पानी जनताको लगानी अभियान अन्तर्गत चालु आ.व. मा माथिल्लो अरुण, किमाथाङ्का अरुण, फुकोट कर्णाली, तामाकोसी ५, चैनपुर सेती, जगदुल्लालगायतका जलविद्युत् आयोजनालाई निर्माणको चरणमा लैजाने र बूढीगण्डकी, पश्चिम सेती, कर्णाली चिसापानी, नलगाड, उत्तरगङ्गा, आँधिखोला र नौमुरे बहुउदेश्यीय आयोजनाको लगानी ढाँचा यकिन गरी कार्यान्वयनमा अघि बढ्ने प्रतिबद्धता जनाएको छ ।

प्रतिबद्धता जनाइएकामध्ये बूढीगण्डकी र पश्चिम सेतीलगायतका आयोजना धेरै पहिले नै निर्माणको चरणमा जानुपर्ने थियो । बूढीगण्डकीका लागि बर्सेनी बजेट विनियोजन गर्ने, पेट्रोल र डिजेलबाट कर असुली गरिरहेर पनि निर्माणमा नजानुलाई सामान्यरूपमा लिन मिल्दैन । यसर्थ सरकार आँटिलो भएर आफ्नै लगानीमा एक हजार २०० मे.वा. जलविद्युत् उत्पादनमा दृढ हुनुपर्छ । यस्तै ७५० मे.वा.को पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको चरणमा प्रवेश गरेर पनि दाताले हात झिकेको आयोजना हो । यस्ता आयोजनामा सरकारबाट नै लगानी गर्ने आँट गर्नु समयको माग हो ।

जलविद्युत् उत्पादनका क्षेत्रमा हाम्रो लगानी कमी र अपुग भएकै हो । जसको कारण, जलाशययुक्त तमोर र माडी आयोजना तथा पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको सम्भावित लाभबाट वञ्चित भइरहेका छौं । राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रसारण लाइनको निर्माणमा पनि हाम्रो लगानी अपर्याप्त छ । यसर्थ हामीले यस क्षेत्रमा पनि बाह्य लगानी आह्वान गर्नुपर्छ । विश्व बैङ्कलगायतबाट उपलब्ध स्रोतलाई पनि परिचालन गर्न नसक्ने हाम्रो कमी कमजोरीको समीक्षा गरी अघि बढ्नुपर्छ ।

औद्योगिक व्यवसाय ऐन, २०७५ ले जलविद्युत्को उत्पादन, प्रसारण वा वितरणमा लगानी गर्नेलाई दश वर्ष आयकर छुट दिएको छ । त्यसपछि पनि पाँच वर्ष आयकरमा ५० प्रतिशत छुट छ । यसैगरी सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युत् आयोजनालाई पनि ऐनले दश वर्ष आयकर माफी दिनुका साथै त्यसपछिको पाँच वर्षमा आधा आयकर मात्र तिरे पुग्ने प्रबन्ध छ । यस अतिरिक्त, जलविद्युत्मा लगानी गर्नेलाई आकर्षित गर्न सरकारले प्रतिमेगावाट रु. ५० लाख नगद अनुदान दिने नीति लिएको छ ।

विद्युत् उत्पादनका आवश्यक सामग्रीको आयातमा थुप्रै छुट सुविधा छ । आन्तरिक र बाह्य लगानी आकर्षित भई मुलुकले विद्युत् उत्पादनबाट लाभ लिन सकोस् भनेर यस्ता प्रबन्ध भए पनि अपेक्षित परिणाम आउन नसकेको तीतो सत्यलाई आत्मसात् गरी हाम्रा नीतिलाई समयसापेक्ष परिवर्तन गर्नुपर्छ ।

नेपालमा वर्षात्को समयमा उत्पादन हुने विद्युत् खेर जाने र हिउँदमा खोलामा पानी सुकी विद्युत् उत्पादन अपुग हुने गरेको छ । यसर्थ हामीले जलाशययुक्त आयोजनालाई प्राथमिकता दिनुपरेको छ । जलविद्युत्का क्षेत्रमा चलनचल्तीको उखान बनेको छ झोलामा खोला । हाल पनि सरकारी तथ्याङ्क हेर्दा करिब ५।७ सय कम्पनीले २०।

२५ हजार मे.वा. विद्युत्शक्ति उत्पादन गर्ने गरी इजाजत लिएका छन् । यीमध्ये अधिकांश लगानीकर्ताको खोजीमा छन् तर भेट्टाउन सकिरहेका छैनन् । यसमा इमानदार लगानीकर्तालाई सरकारले सघाउनुपर्छ तर जनता र सरकारको आँखामा छारो हाल्ने दलाली प्रवृत्तिलाई निस्तेज गर्नैपर्छ ।

जलविद्युत् विकास माखेसाङ्लोले अड्किएको छ । यस क्षेत्रमा अनेकौं बाधा विरोध आउने गरेका छन् । पहिलो समस्या जग्गा प्राप्तिमै छ । निकुञ्जक्षेत्रमा रहेको जमिन पाउन लगभग असम्भवप्रायः छ । यसैगरी वन क्षेत्रको जमिन लिन पनि कठिन छ र एक रुख बराबर २५ बिरुवा रोप्नुपर्ने जस्ता प्रावधान पनि लगानीकर्ताका लागि सहज छैन । दोस्रो समस्यामा लगानीकर्ताले स्थानीय जनतासँग भिड्नुपर्छ । स्थानीय जनताको सोचमा विद्युत् उत्पादकहरू दुहुनो गाईसरह हुन् । तेस्रो समस्यामा प्रसारण लाइनमुनि परेको जमिनको मुआब्जा र त्यसको हकभोग एवं प्रचलनको लफडा छ ।

कैयौं स्थानमा तार तान्न प्रहरी नै परिचालन गर्नुपर्छ । चौथो, वन प्रशासनलाई मनाएर जङ्गलक्षेत्र निर्बाध गर्न सानो सानो युद्ध नै जित्नुपर्छ । पाँचौं, लगानीकर्ताले खडा गर्ने बखेडा र नाटक हेर्न लायक हुन्छ । छैटौं, सरकारले एउटा कानुनले दिन्छु भनेको सुविधा अर्को कानुनले काटिदिन्छ । बाह्य लगानीकर्ता पनि गर्छु भनेको आयोजनामा लगानी गर्दैनन्, फोरम पाएपछि सरकारको आलोचना गर्न चुक्दैनन् । यस्तो माखेसाङ्लोमा जलविद्युत् क्षेत्रको लगानी परेको छ । तथापि मुलुकको लाभको क्षेत्र भएकाले अनुभूत गरिएका सबै समस्यालाई छिचोल्दै अघि बढ्नुको विकल्प देखिन्न ।

मुलुक सङ्घीय शासनप्रणालीमा रूपान्तरित भएकाले अब ऊर्जा विकासका लागि प्रदेश सरकार र स्थानीय तह जागरुक हुनुपर्छ । ऊर्जा मन्त्रालयले २०७५ सालमा जारी गरेको श्वेतपत्रमा प्रदेशगत ऊर्जा विकासको सम्भावना पहिचान गरिएको छ, जुन मननीय छ । पहिचान भएका लगानीयोग्य आयोजनामा प्रदेश सरकार र स्थानीय तहले विशेष पहल गर्नुपर्छ । यसैबाट नेपालको आर्थिक समृद्धि सम्भव छ ।

# भारतमा विमान दुर्घटना, १८ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** भारतमा भएको विमान दुर्घटनामा परी मृत्यु भएकाहरुको संख्या १८ पुगेको छ। सरकारी अधिकारीहरुले शनिबार दिएको जानकारीअनुसार दुर्घटनामा परेर अरु कैयौं यात्रु घाइते पनि भएका छन् । एयर इन्डिया एक्सप्रेसको जहाज विमानस्थलमै दुर्घटनामा परेको मलापुरम जिल्लाका जिल्ला अधिकारी के गोपाल कृष्णले बताए । शुरुमा १७ जनाको मृत्युको खबर आएपनि घाइते मध्ये थप एक जनाको मृत्यु भएपछि कुल मृतकको संख्या १८ पुगेको हो ।

मृतक मध्ये एक जना बाहेक अन्य सबैको शव चिन्न नसकिनेगरी जलेर नष्ट भएको पनि घटनास्थलमा पुगेकाहरुले जनाएका छन् । स्थानीय अधिकारीहरूका अनुसार सबै मृतकको सनाखत भइसकेको छ । घटनामा परी विमान चालक दीपक साथे र उनका सह चालक अखिलेश कुमारको पनि मृत्यु भएको छ। विमानमा चालक दलका छ सदस्य र १८४ यात्रुहरू थिए। घाइतेहरूलाई उपचारका लागि क्यालिकट तथा मलापुरममा रहेका अस्पतालहरूमा पुऱ्याइएको छ । उपचारमा संलग्न चिकित्सकहरुका अनुसार घाइतेहरु मध्ये १५ जनाको अवस्था गम्भीर रहेको छ ।

कोरोना भाइरसको महामारी फैलिएपछि संयुक्त अरब इमिरेट्स (यूएई)मा अलपत्र परेका भारतीय नागरिकहरू स्वदेश ल्याउँदै गरेको विमान दुर्घटनामा परेको हो । यूएईको दुवईबाट शुक्रबार राति भारत आउँदै गरेको विमान अवतरण गर्ने बेलामा अत्यधिक वर्षाका कारण धावनमार्ग चिप्लो भएकाले धावनमार्गमा चिप्लीएर दुर्घटना भएको प्रारम्भीक विवरण छ ।

वर्षाका कारण विमानचालकहरूले अवतरण गर्ने पहिलो प्रयास स्थगित गरेका थिए भने दोस्रो पटक अवतरण गर्ने प्रयास गर्दा दुर्घटना भएको हो। दुर्घटना स्थानीय समयानुसार शुक्रबार बेलुका ७.४० मा भएको हो ।

सरकारी अधिकारीहरुले ठूलो वर्षा भइरहेका बेला विमान धावनमार्गमा ठोक्किएको र त्यसपछि ३५ फिट भिरालो ठाउँमा गुडेर दुई टुक्रा भएको जनाएका छन् । दर्दनाक दुर्घटना भएको थाहा पाउने वित्तिकै प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै दुर्घटनामा प्रियजन गुमाउनेका परिवारप्रति समवेदना व्यक्त गरेका छन् ।

भारतका नागरिक उड्डयनमन्त्री हरदीप सिंह पुरीले पनि सामाजिक सञ्जाल ट्वीटरमार्फत् भारतको विमान दुर्घटनासम्बन्धी अनुसन्धान गर्ने निकाय एएआईबीले छानविन गर्ने जानकारी दिएका छन् । भारतमा वर्षायाममा धेरै विमान दुर्घटनामा पर्ने र सयौंको मृत्यु हुने गरेको सरकारी अधिकारीहरुले जनाएका छन् ।

# 'टिकटक र विच्याटमाथिको प्रतिबन्ध महत्वपूर्ण कुरा होइन'




**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ एप्स् टिकटक र विच्याटमाथि प्रतिबन्ध लगाउने निर्णय गरेसँगै अमेरिकी विज्ञहरुले यो कुरा महत्वपूर्ण नभएको प्रतिक्रिया दिएका समाचारमा जनाइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ एप्स् टिकटक र विच्याटमाथि प्रतिबन्ध लगाउने कार्यकारी आदेशमा बिहीबार मात्र हस्ताक्षर गरेका थिए। त्यसको एक दिनपछि अमेरिकी विज्ञहरुबाट यो प्रतिक्रिया आएको सो समाचारमा उल्लेख छ।

अमेरिकी सरकारले लगाएको यो प्रतिबन्ध आगामी ४५ दिनमा लागू हुने भएको छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले यो कुराको जानकारी गराएका हुन्। अमेरिकाका राष्ट्रपति ट्रम्पले अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि भन्दै यो प्रतिबन्ध अघि सारेको बताइएको थियो । यो कार्यकारी आदेशबमोजिम आगामी ४५ दिनमा टिकटकको कम्पनीका पनि सबै कारोबारमा नै प्रतिबन्ध लाग्ने बताइएको छ।

यी एप्स्हरुले अमेरिकाको विदेश नीति, राष्ट्रिय सुरक्षा नीति र अमेरिकाको अर्थतन्त्रमा नै यी दुई कम्पनीका एप्सहरुले असर पार्न सक्ने देखेर यो प्रतिबन्ध लगाएको बताइएको थियो । यी एप्स्हरुले संकलन गरिरहेका तथ्यांकहरुले अमेरिका नागरिकहरुको गोपनीयताको हकको उल्लंघन भएको पाइएको पनि राष्ट्रपति ट्रम्पको आरोप छ।

तर पनि अमेरिकाका साइबर क्राइम सम्बन्धका विज्ञहरुले यी एप्सहरुको प्रतिबन्धले अमेरिकाका नागरिकको तथ्यांक संकलनको काम रोक्न त्यति ठूलो सहयोग नपुऱ्याउने बताएका छन् । उनीहरुले अहिले अमेरिकीहरुले देखेको अमेरिकी साइबर सुरक्षाको खाँचोका लागि खासै ठूलो सहयोग नपुऱ्याउने बताएका छन् । बरु यो विच्याटमाथिको प्रतिबन्धले अमेरिकीहरुलाई सञ्चार गर्ने काममा असजिलो बनाएको बताएका छन्।

उनीहरुले भनेका छन् कि यो प्रतिबन्धले अमेरिकाले भने जस्तो यहाँका नागरिकको गोपनीयताको हनन् हुने काममा त्यति धेरै रोक्नै सक्दैन बरु अमेरिकामा रहेका चिनियाँ नागरिकबीचको सम्पर्क गर्न र अमेरिकाले चीनसँग गर्ने व्यावसायिक कामका लागि सम्पर्क गर्ने काममा पनि अप्ठेरो बनाउँछ।

अमेरिकाको सरकारले यी एप्समाथि प्रतिबन्ध लगाउने कामका लागि दिएको आदेशमा अमेरिकाको सुरक्षाका लागि टिकटकका सञ्चालकविरुद्ध आवश्यक कदम चाल्नु पर्ने भएकोले यो गरिएको बताएका छन्। बिहीबार प्रतिबन्ध लगाइएका दुवै एप्स् अमेरिकाका लागि आगामी दिनका लागि पनि खतरा रहेको राष्ट्रपति ट्रम्पले आफ्नो यो कार्यकारी आदेशमा भनेका छन् । उता यी एप्स्का चीनका सञ्चालकहरुमाथि पनि उनीहरुको कारोबारमाथि प्रतिबन्ध लाग्ने भएकोले यसले दुई देशबीचको व्यापारिक सम्बन्धमा पनि असर गर्न सक्ने बताइएको छ।

# बेरुत विष्फोट : ६० जना अझै बेपत्ता



**काठमाडौं/एजेन्सी-** लेबनानको राजधानी बेरुतमा भएको विष्फोटनका कारण बेपत्ता भएका मध्ये ६० जना अझै सम्पर्कविहीन रहेका छन् । दुर्घटना भएको चार दिन वितिसक्दा समेत बेपत्ता भएकाहरुलाई पत्ता लगाउन नसकिएको अधिकारीहरुले जनाएका छन् । शक्तिशाली विष्फोटनका कारण अहिलेसम्म १५० भन्दा बढीको मृत्यु भएको स्वास्थ्य अधिकारीहरुले शनिबार जानकारी दिएका छन् । 'अहिलेसम्म मृत्यु भएकाहरुको संख्या १५४ पुगेको छ। ती मध्ये २५ जनाको अहिलेसम्म पनि पहिचान हुनसकेको छैन,' एक अधिकारीले एएफपीलाई भने ।

उनले अहिलेसम्म पनि ६० जना बेपत्ता नै रहेको र उनीहरुको खोजी तथा उद्धार प्रयास भइरहेको जानकारी दिए । स्वास्थ्य मन्त्रीले शुक्रवार दिएको जानकारीअनुसार झण्डै ५ हजार जना घाइते भएका र ती मध्ये १२० जनाको अवस्था गम्भीर रहेको बताए। विष्फोटनपछि झण्डै ३ लाखभन्दा बढी स्थानीय बासिन्दा विस्थापित भएका छन् भने त्यही रहेकाहरु पनि त्रसित अवस्थामा रहेका छन्। शक्तिशाली विष्फोटनका कारण उनीहरु घरबारविहीन भएकाले उनीहरु विस्थापित हुन परेको अधिकारीहरुले जनाएका छन् ।

लेबनानको राजधानी बेरुतको प्रमुख बन्दरगाहमा मंगलबार अबेर विनाशकारी र शक्तिशाली विष्फोट भएको थियो । करिब दुई हजार ७५० टन 'एमोनियम नाइट्रेट' नामक रासायनिक पदार्थ भण्डारण गरेको एक गोदाम घरमा भएको यस विष्फोटनको आवाज धेरै ढाटासम्म सुनिएको थियो ।

यस गोदाममा सन् २०१४ मा एक कार्गो जहाजबाट बरामद गरिएको 'एमोनियम नाइट्रेट' भण्डारण गरिएको थियो । यस विष्फोटनको घटनाप्रति विश्वभरका नेताहरुले सहानुभूति र समवेदना व्यक्त गर्दै खेद व्यक्त गरेका छन् भने कतिपय देश तथा अन्तर्राष्ट्रिय निकायहरुले लेबनानलाई सहयोग पनि गरेका छन् ।

## अनुसन्धानका लागि हामीलाई अनुरोध भएको छैन : राष्ट्रसंघ

यसैबीच संयुक्त राष्ट्रसंघले बेरुतमा भएको भिषण विस्फोट र त्यसपछि भएको सयभन्दा बढी मानिसको ज्यान गएको घटनाको अनुसन्धानका लागि संयुक्त राष्ट्रसंघलाई कुनै अनुरोध नआएको जनाएको छ। यस घटनालाई लेबनानको इतिहासमा नै एक खतरनाक घटनाका रुपमा लिइएको छ। सो विस्फोट राजधानी बेरुतमा रहेको एक गोदाममा राखिएका रासायनिक पदार्थहरुका कारण भएको बताइएको छ ।

यसको थप अनुसन्धान गर्नुपर्ने बताइएको छ । त्यसैले सो अनुसन्धानका लागि आफूहरुलाई अनुरोध नआएको संयुक्त राष्ट्रसंघका एकजना सहायक प्रवक्ताले बताएका छन् । राष्ट्रसंघका सहायक प्रवक्ता फराहन हकले सो कुराको जानकारी दिएका हुन्। उनले भने, 'हामीलाई बेरुतमा भएको सो दुर्घटनाको बारेमा अनुसन्धान गर्न लेबनान सरकारबाट कुनै आग्रह आएको छैन ।' तर यस घटनाको अनुसन्धान गर्न संयुक्त राष्ट्रसंघ भने तयार रहेको बताएको छ। यस दुर्घटनाको अनुसन्धान गर्न र आवश्यकता अनुरुप सहयोग गर्न तत्पर रहेको पनि सहायक प्रवक्ता हकले बताए ।

# भारतमा एकैदिन थपिए ६१ हजार बढी संक्रमित



**काठमाडौं/एजेन्सी-** भारतमा कोरोना भाइरस (कोभिड-१९) बाट एकैदिन ६१ हजार ५०० भन्दा बढी संक्रमित भएका छन् । सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ६१ हजार ५३७ जना कोरोनाभाइरसबाट संक्रमित भएका हुन् । त्यसैगरी सोही अवधिमा मात्रै कोरोनाका कारण ९३३ जनाको मृत्यु भएको पनि अधिकारीहरुले जानकारी दिएका छन् ।

योसँगै भारतमा संक्रमितको संख्या २० लाख ९१ हजार नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । त्यसैगरी भारतमा कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको संख्या ४२ हजार ६ सय नाघेको पनि मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मन्त्रालयले भारतमा अहिले पनि छ लाख १९ हजार भन्दा बढी व्यक्ति संक्रमित अवस्थामै रहेको स्पष्ट पारेको छ । त्यसैगरी १४ लाख २९ हजार भन्दा बढी व्यक्ति भने निको भइसकेका छन् ।

कोरोनाभाइरसबाट सवैभन्दा धेरै प्रभावित रहेको महाराष्ट्र प्रदेशमा अहिलेसम्म एक लाख ४५ हजार ८ सय भन्दा बढी व्यक्ति अहिले पनि संक्रमित रहेका छन् । त्यहाँ कुल संक्रमित मध्ये तीन लाख २७ हजार २ सय भन्दा बढी व्यक्ति संक्रमणमुक्त भइसकेका छन् । महाराष्ट्रमा मात्रै कोरोनाका कारण अहिलेसम्म १७ हजार भन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

# 'चीन, रुस र इरानद्वारा अमेरिकी चुनावमा दखल दिने प्रयास'



**काठमाडौं/एजेन्सी-** चीन, रुस र इरानले अमेरिकी चुनावमा दखल दिन प्रयास गरेको भन्दै अमेरिकाको गुप्तचर निकायका प्रमुखले चेतावनी दिएका छन् । अमेरिकाको काउन्टरइन्टलिजेन्सका निर्देशकले वक्तव्य जारी गरी तीन देशले 'गुप्त र खुला रुपमा' यो वर्ष हुने चुनावलाई प्रभावित पार्न प्रयास गरेको बताएका हुन् ।

काउन्टरइन्टलिजेन्सका निर्देशक विलियम एभनिनाले वक्तव्यमा भनेका छन्, 'ती राष्ट्रसँग चुनाव यो उम्मेदवारले जितोस् भन्ने चाहना छ ।' अमेरिकी गुप्तचर निकायका प्रमुखहरुले सन् २०१६ को चुनावमा रुसले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सहयोग हुने गरी दखल गरेको बताएका थिए। तर रुसले भने सो कुरा अस्वीकार गर्दै आएको छ।

शुक्रबारको पत्रकार सम्मेलनमा गुप्तचर निकायका प्रमुखको रिपोर्टका सम्बन्धमा सोधिएको प्रश्नमा राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनले सो विषयलाई नजिकबाट नियाल्ने बताए। अमेरिकामा आउँदो नोभेम्बर ३ मा राष्ट्रपति चुनाव हुँदैछ। रिपब्लिकन पार्टीका तर्फबाट ट्रम्प दोस्रो कार्यकालका लागि मैदानमा छन् भने उनलाई चुनौती दिन डेमोक्र्याटिक पार्टीका तर्फबाट पूर्व उपराष्ट्रपति जो बाइडेन चुनावी अभियानमा छन् ।

कोरोना भाइरसको महामारीका कारण यो वर्षको चुनावमा हुलाक मार्फत हुने मतदानको दायरा निकै फराकिलो बन्ने देखिएको छ र त्यसका लागि काम पनि भइरहेको छ । तर ट्रम्प भने हुलाकबाट हुने मतदान धाँधली रहित नहुने भन्दै चुनाव नै सार्ने सम्मको प्रस्तावमा छन् । उनको यो कुरा उनकै रिपब्लिकन पार्टीका नेताले विरोध गरिरहेका छन् ।


## Narpa Bhumi Rural Municipality

Office of the Rural Municipal Executive
Chyankhu, Manang
Gandaki Province,Nepal

## Invitation for Electronic Bids for the Procurement of the Supply & Delivery of 4WD Hard Top Jeep

(First date of Publication: 2077/04/25 (09 Aug 2020))

Contract Identification No: NBRM/GOODS/NCB-01/077/078

1. Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang invites electronic bids from eligible bidders for the procurement of **the Supply & Delivery of 4WD Hard Top Jeepunder National competitive bidding procedures specified in Public Procurement Act andRegulations.**

| SN | Contract ID | Description of Works | Quantity | Estimated Amounts with VAT (NRs.) | Bid Security (NRs.) | Bid Price (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NBRM/GOODS/ NCB-01/077/078 | Supply & Delivery of 4WD Hard Top Jeep | 1 Unit | 60,00,000.00 | 1,55,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang. Tel: 066-440253, **Email:narpa2018@gmail.comor** may visit PPMO eGP system **www.bolpatra.gov.np/egp.**
3. Bidding documents is available online and can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in e-GP system and deposit NRs. 3,000.00, the cost of bidding document (non-refundable fee), in the following bank account as specified below:
   ***Name of the Bank: Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal***
   ***Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal***
   ***Sanchit Kosh Account no. : 26503000004001000001 (Cost of Bid Document)***
   ***Retention (Dharauti) Account no.:26503000003000000001(for bid security)***
4. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on orbefore
12:00 Noon on 08 September, 2020 (2077/05/23). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 08 September, 2020 (2077/05/23) at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang, Gandaki Province, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security, amounting to a minimum mention above, which shall be valid for 30 days beyond the validity period of the bid. Bidders shall deposit the bid security at the above bank mentioned or as bank guarantee in standard format as specified in bidding document from "A" class commercial bank specifying thecontract.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason,whatsoever.

# बक्स अफिस समाचार

## पत्रकार सुवेदीले दारा निस्केको महानायिका भनेपछि
# पूजाले पोखिन् आक्रोश



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

एक टेलिभिजन अन्तर्वातामा सामान्य ज्ञान प्रश्नको उत्तर गलत दिएपछि अभिनेत्री पूजा शर्मा आलोचनामा तानिइन् । लामो समयदेखि उनको आलोचना हुँदै आएको छ। र, अहिलेसम्म पनि रोकिएको छैन । उक्त अन्तर्वाता लिएका थिए चलचित्र पत्रकार प्रकाश सुवेदीले । लामो समयदेखि ट्रोलको शिकार बन्दै आएकी अभिनेत्री पूजाले पत्रकार सुवेदीले आफुमाथि असभ्य टिप्पणी गरेको भन्दै सामाजिक सञ्जालमा आक्रोश पोखेपछि पुनः विवाद सतहमा आएको छ ।

चलचित्र पत्रकार सुवेदीले एक टेलिभिजनको एक कार्यक्रममार्फत 'इन्टरभ्यू दिने पनि आफैं, बोल्ने पनि आफैं, नआउने पनि आफैंलाई, अनि हामी चैं काटिदिनुपर्ने, त्यो पनि मिलाइमिलाइ, महानायिका बनाइदिनुपर्ने त्यो पनि दारा निस्केको अनुहारलाई कति हाँस्नु ।' भन्दै अभिनेत्री पूजाको टिप्पणी गरेका थिए । उनले अभिनेत्री पूजाको नाम नै नलिइ भनेपनि जो कोहीले पनि उनैलाई भनेको बुझ्न कठिन हुँदैन ।

पूजामाथि लक्षित गर्दै पत्रकार सुवेदीले गरेको टिप्पणीको भिडियो क्लिप यतिबेला टिकटकमा भाइरल बनेको छ। धेरैले पत्रकार सुवेदीको कटु आलोचना गरिरहेका छन् । अभिनेत्री पूजको अनुहारलाई लिएर राष्ट्रिय टेलिभिजनको कार्यक्रममार्फत असभ्य टिप्पणी गरेपछि सुवेदीको व्यापकरुपमा आलोचना भइरहेको हो। केही समयअघि उनले नै पूजाको एउटा अन्तरवार्ता लिएका थिए, जुन सामाजिक सञ्जालमा भाइरल भएको थियो । नेपालमा कतिवटा जिल्ला र प्रदेश छन् भन्ने प्रश्नको पूजाले सही जवाफ दिन नसकेपछि उनी आलोचनामा तानिएकी थिइन्।

अभिनेत्री पूजाको कमजोर सामान्य ज्ञानलाई लिएर सामाजिक सञ्जालमा निकै ट्रोलहरु बनेका थिए। यसमा पूजाले आफ्नो कमजोरी स्वीकार्दै माफीसमेत मागिसकेकी छन्। आफूले अन्तरवार्ताको सो अंश सम्पादन गर्न आग्रह गर्दा सुवेदीले नमानेको पूजाको भनाइ छ। उनले लेखेकी छन्, 'अन्तरवार्तामा बोलाइयो, गएँ। सामान्य ज्ञानसँग सम्वन्धित प्रश्न सोधियो। इन्टरभ्यू चल्दाचल्दै मैले उहाँलाई मैले राम्रो गर्न सकिनँ, प्लिज यो काटिदिनुस् भनें। तर, मान्नुभएन ।'

उक्त घटना भर्खरै सेलाएको बेला सुवेदीले फेरि आफूलाई अन्तरवार्ताका लागि बोलाएको पूजाले बताएकी छन् । उनले लेखेकी छन्, 'प्रकाशजीले फेरि मलाई इन्टरभ्यूमा आऊ पूजा भनेर भन्नुभो। म मानसिक तनाव झेलिरहेको थिएँ। अब फेरि पुरानो गल्ती कसरी गर्न सक्थें ? म त्रसित पनि थिएँ। त्यसैले मैले सरी दाई म आउन सक्दिनँ भनें। तर, त्यसपछि उहाँले आफ्नो कार्यक्रममा मलाई लक्षित गरेर दारा निस्केको महानायिका भनेर शारीरिक हाउभाउलाई लक्षित गरेर अत्यन्त क्षुब्ध ढंगले प्रस्तुत गरेर मेरो मानहानी गर्न कुनै कसुर छोड्नुभएन ।'

उनी अगाडि लेख्छिन्, 'के पत्रकारले यस्तो अशिष्ट, अभद्र र अमर्यादित शब्द प्रयोग गर्न मिल्छ ? पत्रकारले गर्न सक्ला मानौं, के टेलिभिजनमा यस्ता असभ्य कुराहरु सम्पादन गर्ने कुनै निकाय छैन ? हरेक ट्रोलको शिकारदेखि यस्तो अभद्र व्यवहारप्रति हामी कलाकार सधैं मौन नै रहनुपर्ने ? अहिले आएर उहाँले मैले कसैको नाम तोकेको छैन भनेर पन्छिन मिल्छ ? यो ढंगको प्रस्तुतीकरणले के पत्रकारिताको इज्जत बढ्छ ?'

# साम्राज्ञीले साइन गरिन् नयाँ फिल्म



**काठमाडौं/मस–** अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले नयाँ फिल्म साइन गरेकी छिन् । सोही फिल्ममा अर्की नायिका आना शर्मालाई पनि अनुवन्धित गरिएको छ । यो फिल्ममा यसअघि नै अभिनेता मनिष राउतलाई पनि अनुवन्धित गरिएको थियो । योसँगै अभिनेता मनिषले नयाँ फिल्ममा अभिनेत्रीद्वय साम्राज्ञी र आना शर्मासँग अनस्क्रिन रोमान्स गर्ने भएका छन् ।


तीनै कलाकारसँग बिहिबार निर्माण टिमले कागजी सम्झौता गरेको हो । यसअघि 'अमेरिका बोइज' निर्देशन गरेका प्रवेश पौडेलले फिल्मको निर्देशन गर्नेछन्। फिल्मको नाम भने फाइनल भएको छैन ।

प्रवेशले ओस्कार इन्टरनेशनल कलेजबाट निर्देशन विषय अध्ययन गरेका हुन् । उनका अनुसार, अहिले फाइनल स्क्रिप्टमा काम भइरहेको छ । यूवा मनोविज्ञानमा आधारित हुने फिल्ममा उपयुक्त कलाकार छान्ने क्रममा साम्राज्ञी, आना र मनिषलाई छनौट गरिएको उनले बताए । अब फिल्मका लागि एकजना पुरुष कलाकार र एकजना महिला कलाकारको खोजी भइरहेको छ ।

'हामीले अडिशनबाट छान्ने प्रक्रियामा छौं', निर्देशक पौडेलले भने, 'कमिङ् एजको कथामा हामीले दुई बर्षदेखि काम गरिरहेका थियौं, अब भने यसले मूर्तरुप लिन लागेको छ । कोरोना महामारी पश्चात सहज वातावरण बनेपछि हामी फ्लोरमा जानेछौं ।' 'डक्टर डेनिम' को प्रस्तुतीमा बन्ने यस फिल्मका निर्माता छत्र जंग पाण्डे र अनुप पौडेल हुन् । सह-निर्मातामा करन साउद रहेका छन् ।

नेपाली फिल्मकी महंगी अभिनेत्रीको रुपमा चिनिएकी साम्राज्ञीले यो फिल्ममा कति पारिश्रमिक बुझेकी छन् भन्ने निर्माण टिमले खुलाएको छैन। उनी पछिल्लो पटक फिल्म 'रातो टिका निधारमा' देखिएकी थिइन् । त्यस्तै, आना 'द म्यान फ्रम काठमाडौं' पछि पर्दामा देखिएकी छैनन् । साम्राज्ञी, आना र मनिषलाई एकसाथ स्क्रिनमा हेर्न दर्शकलाई निकै रोचक हुने अनुमान गरिएको छ ।

# अनमोल र उपासनाको कोरोना रिपोर्ट नेगेटिभ



चर्चित अभिनेता अनमोल केसी र अभिनेत्री उपासना सिंह ठकुरीको कोरोना भाइरस (कोभिड-१९) रिपोर्ट नेगेटिभ आएको छ । केही हप्ताअघि यमाहाको एक स्कुटरको विज्ञापनको छायांकनमा उपस्थित एक महिलामा कोरोना देखिएपछि यमाहाको टिमले उनीहरुको कोरोना परिक्षण गराएको थियो । परीक्षणमा दुवैको कोरोना रिपोर्ट नेगेटिभ आएको हो । उनीहरुमा कुनै प्रकारको लक्षण पनि देखिएको थिएन ।

अनमोलले यमाहाको टिमबाट जानकारी प्राप्त भएपछि आफूले २ दिन अगाडि कोरोना परिक्षण गराएको र रिपोर्ट नेगेटिभ आएको बताए । उनी कोरोना परीक्षण गराएपछि घरमै आइसोलेसनमा बसेका थिए । उनले परिवारका सदस्यहरुसँग पनि आफूले दूरी बनाएर बसेको बताए ।

लकडाउनपछि अनमोल विभिन्न कम्पनीको विज्ञापनको भिडियो र फोटोसुटमा व्यस्त छन् ।

सरकारले कोरोनाको संक्रमण फैलिन नदिन लकडाउनको घोषणा गरेपछि अनमोलको घरभित्रै दिनचर्या वितिरहेको छ । हप्तामा एक-दुई पटक कृष्ण मन्दिर पुग्ने गरेका उनी स्थिति सामान्य भएपछि फिल्म 'ए मेरो हजुर ४' को छायांकनमा व्यस्त हुनेछन् । लकडाउन भएपछि यो फिल्मको छायांकन अधुरैमा रोकिएको थियो । यो फिल्मपछि उनी 'पारस' को छायांकनमा व्यस्त हुनेछन् ।

त्यस्तै, फिल्म ' क्याप्टेन' बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी उपासनाले दोस्रो फिल्मको रुपमा ' कबड्डी कबड्डी कबड्डी' गरेकी थिइन् । दुवै फिल्ममा उनको अभिनयको प्रशंसा भएको थियो । तर, अध्ययनका कारण उनी भदौसम्म कुनै फिल्ममा आबद्ध नहुने सोचमा छिन् । उनी पनि कोरोना परीक्षण गराएपश्चात घरमै आइसोलेसनमा बसेकी थिइन् । रिपोर्टन नेगेटिभ आएपछि खुशी लागेको र मन हल्का भएको दुवैको भनाइ छ ।

# लोकबाजासम्बन्धी पाठ्यसामग्री तयार हुँदै




**काठमाडौं/मस–** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले परम्परागत तथा मौलिक लोकबाजासम्बन्धी पाठ्यसामग्री तयार गर्ने भएको छ । प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोक राईले युवापुस्तालाई परम्परागत मौलिक लोकबाजा सम्बन्धी सैद्धान्तिक, परिचयात्मक र व्यावहारिक ज्ञान दिन यही वर्षभित्र पाठ्यसामग्री तयार गरी प्रकाशन गर्ने योजना रहेको बताए ।

उनले भने, 'टुङ्ना, सारङ्गी, सहनाइ, खैजँडी, मादल, च्याब्रुङ, डम्फु, ढोल, मुरली, बाँसुरी, मुर्चुङ, बिनायोजस्ता मौलिक र परम्परागत नेपाली लोकबाजासम्बन्धी सरल किसिमले सैद्धान्तिक, परिचायक र व्यावहारिक ज्ञानको आवश्यकता उक्त पाठ्यसामग्रीले पूरा गर्नेछ ।'

उनका अनुसार सो पाठ्यसामग्री विद्यालयका आधारभूत तहदेखि उच्च माध्यमिक तहसम्मका विद्यार्थीका साथै बाजाका आम प्रयोक्ताका लागि लक्षित रहेको छ । पुस्तकले नेपालमा लोकबाजाका दक्ष वाद्यवादक उत्पादन गर्न, लोकबाजाहरूको आर्केष्टा तयार पार्न र देशमा रोजगारी सिर्जना गर्नमा समेत टेवा पुऱ्याउने जनाइएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **ग्लाबल युथ भिजन ह्युमन सर्भिसेज प्रा.लि.** (ई.प्र.नं. १३२२/०७४/०७५) ले यस विभाग समक्ष इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरी पाउए भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७७/०४/२१ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०७७/०४/२५
यस कम्पनीको मिति २०७६/१०/०६ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वोल्टेक ह्युमन रिसोर्स प्रा.लि. (प्रा.लि.नं. १६५८६९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टिमप्रो एच.आर. सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०७७/०४/२५
यस कम्पनीको मिति २०७६/१०/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नमुना ज्योति कृषि फार्म प्रा.लि. (प्रा.लि.नं. २१००७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुरा कृषी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

पंगेनी ह्युमन रिसोर्स प्रा. लि.को सार्वजनिक सूचना
**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. ८१३/०६५/०६६ को यस पंगेनी ह्युमन रिसोर्स प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ५०४ | ० | ५०४ |
| २. | साउदी अरब | ८ | ० | ८ |
| ३. | यू.ए.ई. | ५ | ० | ५ |
| | कुल जम्मा | ५१७ | 0 | कुल जम्मा ५१७ जना |

पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. ८१३/०६५/०६६
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिति : २०७७०४।२५
देहायकानिर्माण कार्यको लागी दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमकाबोलपत्रपत्रदाताको कबोल अङ्क सारभूत रुपमा प्रभावग्राहीभएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।
तपसिल :

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मू.अ.कर र एक बाहेक ) |
|---|---|---|---|---|
| १. | AM/DDL/WORKS/NCB/17 -076/077 | Bhimdatta Aadarsa Basti Purbadhar Works, Ward no-2 | Naulacoat Nirman Sewa, Dadeldhura | रु.३६,७०,७१३।०० (छत्तिस लाख सत्तरी हजार सात सय तेह्र रुपैया मात्र) |
| २ | AM/DDL/WORKS/NCB/18 -076/077 | Kaseko Takuri Purbadhar works, ward no 7 | Ugratara Nirman Sewa, Dhangadhi, Kailali | रु.३१,६१,७२०।०० (एकतिस लाख एकसठी हजार सात सय बीस रुपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

# मूलपानी मैदानको सदस्यसचिवद्वारा निरीक्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन



राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदान अझै निर्माण पुरा भएको छैन ।

दुई वर्षभित्र सक्ने लक्ष्यसहित १९ माघ ०७१ मा निर्माण सुरु गरिएको मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदान छ वर्ष बित्दासमेत सञ्चालनमा आउन सकेको छैन ।

२ सय ९४ रोपनी सरकारी जग्गामा भइरहेको निर्माणको अधिकांश काम सकिए पनि पूर्व-पश्चिम क्षेत्रको ४६ आना ३ पैसा निजी जग्गाको मुआब्जा विवादका कारण लामो समय रोकिएको थियो । उक्त विवाद समाधान भएपनि अझै मैदानको काम भने सकिएको छैन । हरेक वर्ष सरकारले मूलपानी अन्तर ाष्ट्रिय क्रिकेट मैदानका लागि बजेट छुट्याए पनि सञ्चालनमा आउन नसक्दा सधैं चर्चाको विषय बनेको छ । यसबीचमा खेलकुदमन्त्री देखि उच्चपदस्त व्यक्तिहरुले यस मैदानको अनुगमन गर्ने र चाँडै निर्माणका लागि पहल गर्ने प्रतिबद्धता जनाए पनि राष्ट्रिय खेलकुद परिषद् राखेप मातहतमा रहेको यस मैदान सम्पन्न भने भएको छैन । पछिल्लो समय राखेपका सदस्य सचिव रमेशकुमार सिलवालले मैदानको अनुगमन गरेका छन् । शनिबार क्यानका सचिव अशोकनाथ प्याकुरेलसहित पुगेका सिलवालले निर्माणधिन क्रिकेट मैदानको अनुगमन गरेका हुन् ।

सदस्य सचिव सिलवालले मूलपानीको तल्लो र माथिल्लो दुवै मैदानको अबलोकन गरे । माथिल्लो मैदान नेपाल क्रिकेट संघले सरकारको केहि सहयोगमा बनाइरहेको छ । तल्लो मैदान भने सरकारले आफ्नो खर्चमा बनाइहेको छ ।

यो आर्थिक बर्षमा तल्लो मैदान निर्माणका लागि टेन्डर आह्वान गरेको छ । जसमा एउटा मात्र कम्पनिले टेन्डर भरेको छ । तर त्यो प्रक्रिया अझै पुरा हुन सकेको छैन । तल्लो मैदानका लागि २५ देखि २७ करोड रुपैयाँसम्मको टेन्डर खोलिएको छ ।

अनुगमन पछि सदस्य सचिव सिलवालले मूलपानी मैदानको काम चाँडो सक्नका लागि आफूले पहल गर्ने प्रतिबद्धता जनाए । उनले राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको मूलपानी क्रिकेट मैदान गर्नका लागि अब ढिला गर्न नहुने धारणा दोहोऱ्याएका थिए ।

# युभेन्टस र मड्रिड च्याम्पियन्स लिगबाट बाहिर



**काठमाडौं, एजेन्सी–** इटालियन च्याम्पियन युभेन्टस र स्पेनिस ला लिगा च्याम्पियन रियल मड्रिड च्याम्पियन्स लिगबाट बाहिरिएका छन् । शनिबार राति भएको खेलको नतिजाका अनुसार दुवै टिम प्रतियोगितबाट बाहिरिएका हुन् ।

यो सँगै म्यानचेस्टर सिटी र लियोनले च्याम्पियन्स लिगको यात्रालाई अघि बढाउन सफल भए ।

इटालियन चयाम्पियन युभेन्टसका पोर्चुगिज फरवार्ड क्रिस्टियानो रोनाल्डोले दुई गोल गरेपछि यूईएफए च्याम्पियन्स लिगको राउन्ड अफ १६ अन्तर्गत दोस्रो लेगमा लियोन २-१ ले पराजित भयो । तर पहिलो लेगमा १-० ले पराजित युभेन्टस समग्रमा अवे गोलको आधारमा प्रतियोगिताबाट बाहिरिन पुग्यो ।

रोनाल्डोले शुक्रबार २ गोल गर्दै क्लबको इतिहासमा नयाँ कीर्तिमान राखे । उनले सबै प्रतियोगितामा युभेन्टसका लागि ३७ गोल गरे । रोनाल्डोले क्लबको ८० वर्ष पुरानो कीर्तिमान आफ्नो नाम गरेका हुन् । सन् १९३३-३४ मा फेलिस बोरेलले ३६ गोल गर्दै क्लब कीर्तिमान राखेका थिए ।

रोनाल्डोले लियोनविरुद्ध गोल गर्दै अर्को दुर्लभ उपलब्धि समेत हासिल गरे । उनी तीन फरक क्लबको जर्सीमा खेल्दै एउटै टोलीविरुद्ध गोल गर्ने तेस्रो खेलाडी बने । रोनाल्डोले म्यानचेस्टर युनाइटेड र रियल म्याड्रिडबाट पनि लियोनविरुद्ध गोल गरेका थिए । यसअघि जोर्ग बटले युभेन्टस र रुड भान निस्टलरोयले बायर्न म्युनिखविरुद्ध गोल गर्दै यो उपलब्धि हासिल गरेका थिए ।

रोनाल्डोसन् २०१० पछि पहिलो पटक च्याम्पियन्स लिगको राउन्ड अफ १६ चरणबाट बाहीरिन पुगे । त्यसबेला रियल म्याड्रिड लियोनसँग नै पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो । उक्त खेलमा रोनाल्डोका हालका सहकर्मी मिरालेम प्यानिचले लियोनका लागि गोल गरेका थिए ।

यस्तै, रियाल मड्रिडलाई पराजित गर्दै म्यानचेस्टर सिटी चयाम्पियन्स लिगको क्वाटरफाइनलमा प्रवेश गरेको छ । अन्तिम १६ को दोस्रो लेगमा २-१ को जित दर्ता गर्दै सिटीले रियाललाई समग्रमा ४-२ को हराउँदै क्वाटरफाइनलमा प्रवेश गऱ्यो ।

घरेलु मैदान इतिहाद स्टेडियममा भएको दोस्रो लेगको खेलमा सिटीका लागि रहीम स्टर्लिङ र ग्याब्रीएल जेससले गरेका थिए ।

पहिलो लेग २-१ ले जितेको सिटीले रहिम स्टर्लिङको गोलमा अग्रता लिएको थियो । रियालको डिफेन्समा तालमेल नमिल्दा सिटीले त्यसको फाइदा उठाउन सफल रहयो ।

२८ औं मिनेटमा रियालले बराबरी गोल फर्कायो । रोड्रीगोको पासमा करीम बेन्जेमाले रियाललाई खेलमा फर्काए । पेनाल्टी क्षेत्रबाहिर बल पाएका रोड्रीगोले अगाडि बढाएर दिएको चिप क्रसलाई बेन्जेमाले हेडरमार्फत गोल गरेका थिए ।

५४ औं मिनेटमा सिटीले अग्रता लिने सुवर्ण अवसर गुमायो । पेनाल्टी क्षेत्रभित्र वन भर्सेस वनको स्थितिमा स्टर्लिङले गरेको प्रहार गोलरक्षक कोर्टुवाले विफल पारे ।

६८ औं मिनेटमा सिटीले पुनस् रियल म्याड्रिडको डिफेन्सको गल्तिको फाइदा उठाउँदै दोस्रो गोल गर्यो । यसपटक सिटीका लागि गाब्रियल जिससले गोल गरे ।

# इंग्ल्याण्डको भारत भ्रमण स्थगित



**काठमाडौं, एजेन्सी–** विश्वव्यापी रुपमा बढेको कारोना महामारीका कारण इंग्ल्याण्ड र भारतबीचको क्रिकेट श्रृंखला स्थगित भएको छ । आउँदो सेप्टेम्बरमा इंग्ल्याण्डको टोली वान डे र टी २० श्रृंखलाका लागि भारत आउने तय भएको थियो ।

तर, शुक्रबार बसेको भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) र इंग्ल्याण्ड एण्ड वेल्स क्रिकेट बोर्ड (ईसीबी) बीचको भर्चुअल बैठकले सेप्टेम्बरमा हुने श्रृंखला स्थगित गर्ने निर्णय गरेको हो ।

यस अघि क्रिकेट अष्ट्रेलियाले पनि वेस्ट ईण्डिजविरुद्ध अक्टोबरमा आयोजना हुने ३ टी २० श्रृंखला स्थगित गरेको थियो । यस्तै गत महिना दक्षिण अफ्रिकाले पनि सेप्टेम्बरमा वेस्ट इण्डिजको भ्रमण स्थगित गरेको थियो । दुबै देशहरूले २ टेस्ट र ५ टी २० श्रृंखला खेल्ने तय भएको थियो ।

सेप्टेम्बर र अक्टोबरको महिनामा पाकिस्तानले दक्षिण अफ्रिकामा खेल्ने भनिएको ३ एकदिवसीय र ३ टी २० श्रृंखला खेल्ने तालिका थियो । जुन कोरोनाका कारण स्थगित गरियो । यसैगरी बंगलादेशले न्युजिल्याण्ड र अष्ट्रेलीयासँग खेल्ने भनिएको श्रृंखला पनि कोरोनाका कारण स्थगित भइसकेको छ ।

इण्डियन प्रिमियर लीग हुने महिना सेप्टेम्बर देखि नोभेम्बरसम्मको अन्तर्राष्ट्रिय तालिकाको विन्डोमा कुनै खेल पर्ने छैन । तसर्थ यसपटकको आईपीएलमा सबै राष्ट्रका खेलाडीहरु सहभागि हुन पाउने छन् ।

तर दक्षिण अफ्रिकाका खेलाडीहरु कोरोना महामारीका कारण लगाईएको यात्रा प्रतिबन्धका कारण आईपीएल खेल्न नपाउने सम्भावना रहेको छ ।

# लण्डन म्याराथन अक्टोबरमा



**काठमाडौं, एजेन्सी–**कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण स्थगित लण्डन म्याराथन अक्टोबर ४ मा आयोजना हुने भएको छ । कोरोनाको प्रभाव विस्तारै घट्दै गएपछि म्यराथनको पछिल्लो मिति तय भएको हो ।

कोरोनाबीच बिभिन्न स्वास्थ्य निर्देशनको पालना सहित म्याराथन आयोजना हुन लागेको हो । म्याराथनमा सर्वसाधारणको सहभागीमा प्रतिबन्ध लगाईएको छ भने शिर्ष तथा व्उवसायीक धावकहरुले मात्र सहभागिता जनाउन सक्नेछन् ।

यस पटकको लण्डन म्याराथनमा सामान्य भन्दा फरक मार्ग प्रयोग गरिनेछ । हरेक बर्ष इस्ट लन्डनको ग्रिनविचबाट सुरु हुने माराथन यस पटक सेन्ट जेम्स पार्क बाट सुरू हुनेछ । माराथनमा दर्शकलाई समेत प्रतिबन्ध लगाईनेछ ।

४२ दशमलव २ किलोमिटरको दुरी तय गर्नुपर्ने म्याराथन धवकले पार्क वरपरमात्र कुद्न पाउनेछन् । म्याराथनमा टोकियो ओलम्पिक र प्यारालम्पिकको छनोटमा सहभागी हुने धावकले मात्र सहभागीता जनाउन पाउने छन् ।

# प्रशिक्षक सार्री बर्खास्त



**काठमाडौं, एजेन्सी–** इटालियन च्याम्पियन युभेन्टसले यूईएफए च्याम्पियन्स लिगबाट बाहिरिए पछि प्रशिक्षक माउरिजियो सार्रीलाई बर्खास्त गरेको छ ।

युभेन्टस च्याम्पियन्स लिगको राउन्ड अफ १६ मा लियोनसँग २-२ को बराबरी खेलेपछि अवे गोलको आधारमा प्रतियोगिताबाट बाहिरिएको थियो । पहिलो लेगमा १-० को हार बेहोरेको युभेन्टसले घरेलु मैदानमा शुक्रबार २-१ को जित दर्ता गरेपनि अगाडि बढ्न सकेन । युभेन्टसको जितमा दुवै गोल क्रिस्टियानो रोनाल्डोले गरेका थिए ।

सिजनको सुरुवातमा चेल्सी छोडेर युभेन्टस आएका सार्रीले च्याम्पियन्स लिगमा खराब प्रदर्शन गर्नु नै बर्खास्तीको मुख्य कारण रहेको बुझिएको छ । सार्रीको नेतृत्वमा युभेन्टस इटालियन सुपर कप र कोप्पा इटालिया दुवै प्रतियोगिताको फाइनलमा पराजित भएको थियो । युभेन्टसले अर्जेन्टिनी प्रशिक्षक माउरि सियो पोचेटिनोलाई विकल्पका रुपमा हेरेको बुझिएको छ ।

इटालीमा लिग उपाधि जितेपनि युभेन्टसले लिगका अन्तिम खेलतिर भने लय गुमाएको थियो । कोरोना संक्रमणपछि लिग सुरुवात हुँदा सुरुवाती खेलमा राम्रो प्रदर्शन गरेको युभेन्टसलाई उपाधि होडमा रहेका अन्य क्लबको खराब प्रदर्शनले निकै सहयोग पुग्यो । तर लिगको अन्तिमतिर भने युभेन्टसले पनि आफ्नो लय गुमायो । अन्य टोलीले पनि युभेन्टसको गल्तिको फाइदा उठाउन नसक्दा लिग उपाधि टुरिनमै रहन पुगेको थियो ।

युभेन्टसले लिगका २ खेल बाँकी रहँदा उपाधि पक्का गरेको थियो । लिगको पछिल्लो ८ खेलमध्य टोलीले जम्मा २ खेलमा जित हासिल गऱ्यो । साम्पडोरियाविरुद्ध जुलाई २६ मा २-० को जितसँगै उपाधि पक्का गरेको युभेन्टसले त्यसपछि काग्लियारी र एएस रोमासँग लगातार हार बेहोरेको हो ।उपाधि जित्ने क्रममा युभेन्टसले लिगको ३८ खेलमा ८३ अंक जोड्यो । यो पछिल्लो एक दशकमा युभेन्टसले जोडेको सबैभन्दा कम अंक हो । पछिल्लो ८ सिजन उपाधि जित्दा डिफेन्समा बलियो देखिएको युभेन्टसका लागि यसपटक भने ४३ गोल खाँदै सबैभन्दा खराब सिजन रहयो । टोलीको यस सिजनको गोलअन्तर, ३३ पनि सबैभन्दा कम हो ।

यसबाहेक युभेन्टसले लिग अवाधिभर ७ पटक हारको सामना गर्नुपऱ्यो । विगत ८ वर्षमा युभेन्टसको नतिजा यति खराब रहेको थिएन । उपाधि जित्दा पनि टोलीले आफ्नो निकटतम प्रतिद्वन्द्वीसँग फराकिलो अग्रता कायम गरेको थियो, यस सिजन भने इन्टर मिलान मात्र १ अंक पछाडी रहेर उपविजेता बन्यो ।

युभेन्टसले यस सिजन अग्रता लिएको अवस्थाबाट २१ अंक गुमायो । उपाधि जित्ने टोलीले यस्तो अवस्था भोगेको यो कीर्तिमान पनि हो । यसअघि सन् १९८२-८३ सिजनमा रोमाले उपाधि जित्दा २० अंक अग्रता लिएको अवस्थामा गुमाएको थियो ।

# पाँच हकी खेलाडीलाई कोरोना



**नयाँदिल्ली, एजेन्सी–** भारतको राष्ट्रिय हक्कि टोलीका कप्तान सहित ५ जनामा कारोना संक्रमण देखिएको छ । बैंग्लोरमा सुरुहुन लागेको राष्ट्रिय टोलीको प्रशिक्षण शिविर पूर्व गरिएको कोरोना परिक्षणका क्रममा उनीहरुमा कोरोना पोजेटिभ पाइएको हो ।

संक्रमीत खेलाडीको सूचीमा हक्कि टोलीका कप्तान मनप्रीत सिंह पनि छन् । यसबाहेक डिफेन्डर सुरेन्द्र कुमार, जसकरण सिंह, ड्र्याग फ्लिकर वरुण कुमार र कृष्ण बी पाठकको पनि रिपोर्ट सकारात्मक आएको भारतीय समाचार माध्यमहरुले जनाएका छन् ।

सबै खेलाडीहरू ४ अगस्टदेखि क्याम्पमा सामेल भएका थिए । यसबाहेक अन्य सदस्यमा कोरोनाको संक्रमण देखिएको छैन तर संकास्पदहरुमाथी निगरानीभने बढाइएको छ ।

भारतीय हक्कि टोली खेल प्राधिकरणमा प्रशिक्षणमा फर्कने तयारीमा थियो । तर खेलाडीमा कोरोना संक्रमण देखिएपछि अभ्यास केही समय प्रभावित हुने भएको छ । संक्रमित खेलाडीहरुको उपचारका लागि भारतको कर्नाटका राज्य सरकारले दुईजना डाक्टर सहितको टोली अभ्यासस्थल पठाएको छ ।

क्याम्पमा सामेल खेलाडीहरूलाई दुई हप्ता क्वारेन्टिनमा राखेर प्रशिक्षणमा फर्काउने योजना थियो । शिविरमा ३२ पुरुष र २५ महिला खेलाडीथिए ।

# भिभोको प्रायोजन कबड्डीबाट पनि हट्यो




**काठमाडौं, एजेन्सी–** इण्डियन प्रिमियर लिग (आईपीएल) को मुख्य प्रायोजकबाट हटाएको केही दिनमै चिनियाँ मोबाईल निर्माता कम्पनी भिभोलाई भारतीय प्रो कबड्डी लिगको मुख्य प्रायोजकबाट पनि हटाइएको छ ।

शुक्रबार बसेको प्रो कबड्डी आयोजक कम्पनी स्पोर्टस्को बैठकले भिभोलाई मुख्य प्रायोजकबाट हटाउने निर्णय गरेको हो । प्रो कबड्डीले भिभो संग २०१७ देखि २०२१ सम्म ३०० करोड भारतीय रुपैयाँमा मुख्य प्रायोजकको सम्झैता गरेको थियो ।

भिभोले भारतमा १ बर्ष अवधीमा मार्केटिङ्ग र प्रमोशनमा १ हजार करोड रूपैयाँ खर्च गर्ने गर्दछ ।

गत जुन १५ मा भारतस्थित गाल्भान भ्यालीमा भएको भिडन्तमा चिनियाँ सेनाको गोली लागि भारतीय सेनाको हत्या भएपछि भारतमा चिनबिरुद्धको अभियान चलेको थियो । सो अभियानमा अभियानकर्ताहरुले चिनियाँ उत्पादन प्रयोग नगर्न भारतीय नागरिकसँग आग्रह गर्दै आएको छ । साथै भारत सरकारले ५० भन्दा बढी चिनियाँ एपहरुमा पनि प्रतिबन्ध लगाएको थियो ।


## अधिकृत वारेसनामा बदर सम्बन्धी सूचना

२०७३/१०/२६ मा अधिकृत वारेसनामा गरिएकोमा साबिक काठमाडौं ३४ हाल काजिनपा ८ ना.प्र.न. १२२७ को स्वर्गीय पति बिमलराज भट्टराई बाबु बहादुर शाहकि छोरि मिनु भट्टराईले साविक झापा अनारमनि १ हाल काजिनपा १६ नप्रन १४८५/०१२८७२९ को बाजे पवन चौधरीको नाति सुवल चौधरीको छोरा वर्ष ४९ को केशब कुमार चौधरीलाई हामिले प्राप्त गर्ने जग्गा बापतको जग्गालाई सहयोग पुऱ्याउने शर्तमा म मिनु भट्टराई २०७३/१०/२६ मा केशब कुमार चौधरीलाई श्री काठमाडौं जिल्ला अदालतबाट गरिएको अधिकृत वारेसनामा वदर गरिएको छ ।

**मिनु भट्टराई**

म.क्षे.हु.नि.द.नं. ३३/०६९/०७०



# मन्त्री नेम्वाङद्वारा सडक विभाग र मातहतका प्रमुखहरूलाई कडा निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्री वसन्तकुमार नेम्वाङ्गले सडक विभाग र विभाग अन्तर्गत रहेका क्षेत्रीय कार्यालयहरु, डिभिजन प्रमुख तथा विभिन्न आयोजना प्रमुखहरुलाई बाह्रै महिनाको कार्ययोजना बनाएर कार्यान्वयनमा लाग्न निर्देशन दिएका छन् । सडक विभागद्वारा गत शुक्रबार आयोजित आर्थिक वर्ष २०७६/०७७ को बार्षिक प्रगति समीशा गोष्ठीमा प्रमुख अतिथिको आशनबाट बोल्दै मन्त्री नेम्वाङ्गले उक्त निर्देशन दिएका हुन्। शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय शिंहदरबारमा सडक विभाग अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरु, अन्य विभिन्न आयोजना, सडक, पुल मर्मत संभारको स्थिति लगायतका विषयमा प्रगति समिक्षा भएको थियो ।



मन्त्री नेम्वाङ्गले आर्थिक बर्ष २०७६/०७७ को प्रगति सन्तोषजनक नभए पनि कोरोना महामारीका कारण सबैले छुट पाउने उल्लेख गर्दै आगामी आर्थिक बर्षमा भने यस्तो बहाना बनाउनु नपाइने बताए । 'तपाईहरु धेरैभन्दा धेरै समय कार्य क्षेत्रमा बस्नुहोस र हरेक महिनाको कार्ययोजना बनाउनुहोस्,' मन्त्री नेम्वाङ्गको निर्देशन थियो, 'आफुभन्दा माथिलो निकायलाई जानकारी गराउनुहोस र माताहतका निकायलाई कार्यन्वयन गराउनुहोस् ।'

कतिपय कार्यालय प्रमुखहरु कार्यालयमा नबसेकै कारण आशातीत प्रगति नभएको भन्दै मन्त्री नेम्वाङ्गले अबदेखि आयोजना प्रमुख र डिभिजन प्रमुखहरु साँस्कृतिक चाडपर्व, दुःख बिमारजस्ता मनासिव कारणबाहेक कार्यक्षेत्र छोडेर काठमाण्डौ नआउन समेत निर्देशन दिए । उनले ठेक्का लिने तर काम नगर्ने निर्माण व्यवसायीहरुप्रति कडारुपमा प्रस्तुत हुन समेत निर्देशन दिए ।

कार्यक्रममा मन्त्रालयका सचिव देबेन्द्र कार्की र प्रधानमन्त्रीका विकास विज्ञ गजेन्द्र थपलियाले सडक निर्माण र मर्मत सँभालके बिष्य प्रतक्षरुपमा जन सरोकारसंग जोडिएकोले जम्मिेवारी बहन गर्ने सबैले संवेनशील हुनु पर्नेमा जोड दिए ।

कार्यक्रमको सभापतित्व गरेका सडक बिभागका महानिर्ग्ेक केशव कुमार शर्माले आर्थिक बर्षको पछिल्लो सनसनी कोभिडका कारणले खासगरी ठूँसा आयोजनाहरुमा आशा गरिए अनुसार प्रगति हुन नसकेको बताए । उनसे बिभागीय मन्त्रीको निर्देशनलाई अश्रुस पालना गर्ने र गराउने प्रतिबद्धता पिन ब्यक्त गरे ।

दुई दिनसम्म चलेको गोष्ठीमा विभिन्न आयोजना निर्देशक, आयोजना प्रमुख तथा सडक डिभिजन प्रमुखहरुले आ(आफ्ना प्रस्तुति राखेका थिए ।

कार्यक्रममा आ.ब. २०७६/०७७ मा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गर्ने आठ कार्यालय पुरस्कृत भएका छन्। जस अनुसार आकस्मिक मर्मत संभार कार्यका लागि सडक डिभिजन भरतपुर , पटके मर्मत संभार कार्यका लागि सडक डिभिजन जुम्ला, आवधिक मर्मत संभार कार्यका लागि सडक डिभिजन काठमाडौं, बेरुजुफर्स्यौट कार्यका लागि मदन भण्डारी राजमार्ग आयोजना, योजना कार्यालय, उदयपुर, आकस्मिक मर्मत संभार कार्यका लागु यान्त्रिक उपकरण व्यवस्थापन तथा परिचालन कार्य- हे. ई. डि. हेटौडा , अधिकत्तम पुल निर्माण कार्यका लागि सडक डिभिजन वुटवल, अधिकत्तम सडक कालोपत्रे कार्यका लागि सडक डिभिजन हेटौडा र सडक सुरक्षा कार्यका लागि सडक डिभिजन ललितपुर रहेका छन् ।

# खुले होटल, छैनन् ग्राहक



**चितवन/मस-** चितवन राष्ट्रिय निकुञ्जको मुख्य प्रवेशद्वार सौराहाका होटल खुले पनि ग्राहक नआएपछि व्यवसायी निरास भएका छन्। होटल खुलेसँगै एक दुई दिन चहलपहल भए पनि बस्ने र खाने गरी ग्राहक नआएको व्यवसायीले जनाएका छन् ।

विदेशी पर्यटक नआउने भए पनि स्थिति सहज हुने र आन्तरिक पर्यटक आउने व्यवसायीको चाहना थियो तर विभिन्न स्थानमा कोरोनाको सङ्क्रमण बढेपछि व्यवसायीको चाहना पूरा हुन सकेन । क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्ष सुमन घिमिरे उत्साह साथ होटल खोलिएको भए पनि ग्राहक नआएको बताउँछन् । होटल खुलेको भोलिपल्ट आफ्नो होटलमा तीनवटा कोठा बुक भएको तर पछि स्थगन गरिएको उनले जानकारी दिए ।

जङ्गल सफारी लजका सञ्चालक घिमिरेले भने, ' होटलमा सात जना कर्मचारी कार्यरत छन्, सात दिन भयो आजसम्म ग्राहक छैनन् ।' सौराहाका सबै होटलको अवस्था यस्तै रहेको उनले बताए । घिमिरेले थपे, 'हाम्रो अपेक्षा पर्यटक नभए पनि मानिसको आवतजावत हुन्छ । बास बस्न ग्राहक आउँछन् भन्ने थियो त्यो पनि भएन ।' आउँदो भदौ १ गतेबाट आन्तरिक विमान सञ्चालनमा नआएमा होटल बन्द गर्ने सोचमा आफू पुगेको उनले बताए ।

होटलसँगै रेष्टुराँ पनि खुलेका छन् तर ग्राहक छैनन् । रेष्टूराँ एण्ड बार एशोसिएशन (रेवान)का अध्यक्ष दीपेन्द्र खतिवडा ग्राहकको आवतजावत अलिअलि भए पनि खाएर बस्ने गरी ग्राहक नआएको बताउँछन् । लामो समयसम्म बन्द गर्नुपर्दा पीडामा रहेका व्यवसायीले जेनतेन खोलेको भए पनि ग्राहक नआएपछि निरास भएको उनको भनाइ छ । शुरुका दिनमा केही उत्साह जगाएको भए पनि देशका ठाउँठाउँमा कोरोना बढ्दै गएपछि त्रासले ग्राहक नआएको उनको भनाइ छ ।

सौराहामा १०० हाराहारी रेष्टुराँ छन् । जसमध्ये ५६ वटा रेवानका सदस्य हुन् । आधाभन्दा बढी रेष्टुराँ थोरै कर्मचारी राखेर खुलेका छन् । सौराहामा होटलको सङ्ख्या ११० वटा रहेको छ जहाँ पाँच हजार ५०० हाराहारी कर्मचारी कार्यरत रहेका छन् । चितवन राष्ट्रिय निकुञ्ज घुम्न पर्यटक यहाँ आउने गर्दछन् । कोरोनापछि लकडाउनसँगै बन्द भएका होटल साउन १५ गतेबाट सञ्चालनमा आएका हुन् ।

# चौधरी फाउण्डेसनद्वारा बाढी पीडितलाई राहत वितरण




काठमाडौं/मस- चौधरी ग्रुप अन्तर्गतको परोपकारी संस्था चौधरी फाउण्डेसनले सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्ला भजनी नगरपालिकाका बाढी पीडित ३०० घरपरिवारलाई राहत वितरण गरेको छ । फाउण्डेसनले उक्त नगरपालिकाका विभिन्न वडाका बाढी प्रभावितहरुलाई ३२५ कार्टुन वाइवाइ चाउचाउ, ३४० केजी वाइवाइ भुजिया आपत्कालीन खाद्य सहयोगका रुपमा हस्तान्तरण गरेको जनाएको छ ।

आपत्कालीन खाद्य सामग्री हस्तान्तरण नगरपालिकासँगको समन्वयमा भएको हो । चौधरी फाउण्डेसनले आपत्कालीन राहत तथा सहयोगलाई आफ्नो कार्यक्रमको अभिन्न अंगका रुपमा सञ्चालन गर्दै आइरहेको छ । साउन १४ देखि १६ गतेसम्म परेको अविरल वर्षाका कारण कैलाली जिल्लामा १,६०० घरपरिवार प्रभावित भएका छन् । काँडानदीको बाढी बस्तीमा पसेपछि भजनी नगरपालिकामा सबैभन्दा ठूलो क्षति पुऱ्याएको छ ।

# खाता प्रमाणीकरणको म्याद थपियो



**काठमाडौं/मस-** खरिद बिक्री खाता प्रमाणिकरणको म्याद थपिएको छ । आन्तरिक राजस्व विभागले मासिक, द्विमासिक तथा चौमासिक कर बुझाउने करदातको खाता प्रमाणीकरणको म्याद पुस मसान्तसम्मका लागि थप गरेको हो । व्यवस्थाअनुसार मासिक कर बुझाउने करदाताले साउन र चौमासिक कर बुझाउने ग्राहकले कात्तिक मसान्तमा खाता प्रमाणीकरण गर्नुपर्छ ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६(३) बमोजिम प्रत्येक वर्ष कर अधिकृतबाट खरिद तथा बिक्री खाता प्रमाणित गराउनु पर्ने कानुनी प्रावधान छ ।

यसअघि विभागले २०६० भदौ ३० को निर्णयानुसार मासिक कर विवरण पेश गर्ने करदातालाई साउन महिना भित्र तथा चौमासिक कर विवरण पेश गर्ने करदातालाई कात्तिक महिनाभित्र खाता प्रमाणित गराउनु पर्ने गरी परिपत्र गरिएको थियो ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिलाई दृष्टिगत गरी विभागले आर्थिक वर्ष २०७७/०७८ का लागि मासिक र द्विमासिक र चौमासिक कर विवरण वुझाउने करदाताको खाता प्रमाणित गर्ने म्याद २०७७ पुस मसान्तसम्म कायम गरिएको हो ।

# दिनदिनै आय–व्यय सार्वजनिक गर्दै थाहा नगरपालिका

**मकवानपुर/रासस-** मकवानपुरको थाहा नगरपालिकाले कोभिड-१९ व्यवस्थापनका क्रममा भएको आम्दानी र खर्चको हिसाब दिनहुँ सार्वजनिक गर्ने गरेको छ । नगरपालिकाको वेबसाइट र स्थानीय सञ्चारमाध्यमबाट दिनहुँ हिसाब सार्वजनिक गर्ने गरिएको नगरप्रमुख लवशेर विष्टले बताए । 'आर्थिक सुशासन र पारिदर्शिताका लागि हामीले यसो गरेका हौँ, पहिले थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्टले पनि भित्तामा टाँसेर हिसाब सार्वजनिक गर्नुहुन्थ्यो, हामी पनि उहाँकै बाटो हिंड्दैछौँ,' नगरप्रमुख विष्टले भने ।

नगरपालिकाले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार नगरको विपद् व्यवस्थापन कोषमा हालसम्म रु ५८ लाख ९३ हजार ९१४ जम्मा भएकामा खर्च गरेर रु १३ लाख २२ हजार रहेको छ । पछिल्लो विवरणअनुसार विपद् व्यवस्थापन कोषबाट कोभिड-१९ व्यवस्थापनमा रु ४५ लाख ८१ हजार ८९२ खर्च भएको थाहा नगरपालिका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिका सचिवालय प्रमुख विवेक बिंडारीले जानकारी दिए ।

गत चैतको दोस्रो साता बसेको नगरपालिकाको बैठकले कोभिड-१९ व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा नगरका तर्फबाट रु ४० लाख जम्मा गरेको थियो भने वाग्मती प्रदेश सरकारले पठाएको रु १२ लाख पनि सोही कोषमा राखिएको थियो ।

नगरपालिकाले अहिलेसम्म कोभिड-१९ व्यवस्थापनअन्तर्गत स्वास्थ्य संस्था तथा क्वारेन्टिनका लागि आवश्यक औषधि, उपकरण, क्वारेन्टिनका लागि खाद्यान्न, भाँडावर्तन, सरसफाइ सामग्री, प्रचारप्रसार, स्वास्थ्य परीक्षण, यातायात र पैदलयात्रीको रसदपानी आदिमा खर्च गरेको छ। कोभिड-१९ व्यवस्थापनका क्रममा सामग्री खरिद गर्न नगरपालिकाले कार्यपालिका सदस्य वडा नं ६ का वडाध्यक्ष शशिधर सुवेदीको संयोजकत्वमा खरिद समिति गठन गरेको छ । 'ससाना खरिदबाहेक ठूलो आकारको खरिदमा हाम्रो स्वीकृति अनिवार्य गरेका छौँ । हामी मितव्ययिताको मान्यताअनुसार खर्च गरिरहेका छौं,' खरिद समितिका संयोजक सुवेदीले भने ।

दैनिक हिसाबसहित कोभिड-१९ व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण दैनिक रुपमा सार्वजनिक गर्ने थाहा नगरपालिका मकवानपुरकै एकमात्र स्थानीय तह हो । थाहाले नगद आम्दानी र खर्चको मात्र हिसाब सार्वजनिक नगरी जिन्सी रुपमा प्राप्त आम्दानीसमेत बाँधेर सार्वजनिक गर्ने गरेको नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । नगरपालिका कार्यालयका अनुसार अहिलेसम्म विभिन्न व्यक्ति तथा संस्थाहरुबाट स्यानिटाइजर, भिटिएम, पिपिई, मास्क, राहत सामग्री, ऱ्यापिड टेस्ट किट, पञ्जा आदि प्राप्त गरेको छ ।

सडक दुर्घटनाबाट जोगिन ट्राफिक नियम पूर्णरुपमा पालना गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**